जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १९७ • २०७९ साल मंसिर २६ गते सोमबार (12 December, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# रेशम छाड्न अध्यादेश

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारमा सहभागी हुन सजाय माफीको शर्त राखेको नागरिक उन्मुक्ति पार्टीका लागि सरकारले कानून संशोधन गर्न अध्यादेश ल्याउने निर्णय गरेको छ।

उन्मुक्ति पार्टीका सल्लाहकार समेत रहेका निवर्तमान सांसद रेशम चौधरीको रिहाई नभएसम्म सरकारमा सहभागी नहुने अडान लिएपछि सरकारले अध्यादेश ल्याएको हो । एकजना मन्त्रीका अनुसार सरकारले आइतबारको बैठकबाट अध्यादेश ल्याएको छ।

मन्त्रिपरिषद्को बैठकले मुलुकी अपराध संहिता २०७४ को दफा ११६ मा संशोधन गर्न अध्यादेश ल्याउने निर्णय गरेको हो।

आजीवन कारावासको सजाय काटिरहेका चौधरी लगायत राजनीतिक कारणबाट जेलजीवन काटिरहेकाहरूलाई छुटाउनका लागि सरकारले अध्यादेश जारी गरेको हो।

सत्तारुढ गठबन्धनलाई पूनः सरकार बनाउन २ जना सांसद कम रहेको छ ।नागरिक उन्मुक्ति पार्टीले ३ सिट प्रत्यक्षमा जितेको छ ।सरकारले अध्यादेश ल्याएर सो पार्टीलाई सरकारमा सहभागी गराउने संकेत दिएको छ।

'रेशम चौधरी छुटाउन भनेर त अध्यादेशमा उल्लेख गरिएको छैन' नाम सार्वजनिक गर्न नचाहने शर्तमा मन्त्रीले भने, तर राजनीतिक कारणले थुनामा रहेका, शान्ति प्रक्रियामा आउन चाहने, आउने प्रतिबद्धता गरेकाहरूको मुद्दा फिर्ता लिन पाउने गरी कानून संशोधन गर्ने निर्णय भएको छ।'

यो निर्णयबाट राजनीतिक मुद्दा लागेका र शान्ति प्रक्रियामा आएका तथा आउने क्रममा रहेकालाई सम्बोधन गर्ने उनले बताए।

सरकारको निर्णयबाट जेलमा रहेका चौधरी, तराई मधेशमा सशस्त्र द्वन्दको बेला पक्राउ परी आजिवन कारावासमा रहेका नेताहरु सहित विप्लव समूहका जेलजीवन बिताइरहेका नेता कार्यकर्तालाई फाइदा पुग्ने बताइएको छ।

विभिन्न सशस्त्र समूहका दर्जन बढी नेता, सशस्त्र प्रहरीका असई थमन बिक हत्याका अभियुक्तहरु समेतलाई सरकारको अध्यादेशले राहत मिल्न सक्छ।

## समानुपातिक सिफारिसमा भाँडभैलो

# नेकां र जसपाको मापदण्ड विपरीत सिफारिस

**टुडे समाचारदाता**

काठमाण्डु । समानुपातिकतर्फको प्रतिनिधि र प्रदेश सभासदको नाम सिफारिसमा दलहरुमा भाँडभैलो मच्चेको छ ।निर्वाचन आयोगले निर्धारण गरेको मापदण्ड विपरीत केही दलहरुले नाम सिफारिस गरेका छन् ।

नेपाली कांग्रेसले प्रतिनिधि र प्रदेश दुबै तर्फको समानुपातिक सांसदहरुको सूची पठाउँदा निर्वाचन आयोगले निर्धारण गरेको कल्स्टर अनुरुप नरहेको देखिएको छ ।समानुपातिकतर्फ नेताहरुमा सहमति हुन नसकेपछि समानुपातिकतर्फ प्राप्त गरेको भन्दा बढी सिट पनि सिफारिस गरिएको छ।

नेपाली कांग्रेसले मधेश प्रदेशमा १ जना मात्र पुरुषको सिफारिस गर्नुपर्ने हो ।कांग्रेसले प्रत्यक्षमा १३ र समानुपातिकमा ९ स्थान पाएको छ। विभिन्न कल्स्टरबाट ८ जना महिला र मधेशी पुरुषबाट १ जनालाई राख्नु पर्ने हो। तर नेताहरुले आयोगको सूची विपरीत मधेशी तर्फको १ नम्बरमा रहेका कुमरकान्त झालाई हटाएर अल्पसंख्यक सूचीमा रहेका राकेश सिंहको नाम सिफारिस गरिएको छ। मधेश प्रदेशमा पहिलो प्राथमिकतामा मधेशी कल्स्टरलाई राखिएको छ।

कांग्रेसका केही नेताहरुले अनुचित लाभको प्रलोभनमा परेर झाको नाम हटाएको आरोप नेकांका युवा नेता धीरेन्द्रमोहन झाले लगाएका छन्।'निर्वाचन आयोगको प्राथमिकता क्रम अनुसार मधेशीबाट १ नम्बरमा रहेका झाको नाम सिफारिस हुनुपर्छ' उनले भने, तर अल्पसंख्यकबाट महिला र पुरुष समेतलाई राखेर आयोगले बनाएका कल्स्टर विपरीत सिफारिस गरिएको छ।

| मधेश प्रदेश | |
|---|---|
| **नेपाली काँग्रेस** | **जसपा** |
| मीनाकुमारी लामा | बिन्दुकुमारी यादव |
| शकुन्तीदेवी महरा | किरणकुमारी साह |
| नीलमकुमारी रजक | शोभा देवी |
| राकेशकुमार सिंह | सञ्जिलाकुमारी यादव |
| रेखा ठाकुर | चन्द्रेश्वर सदा |
| जीवछीकुमारी यादव | ललिता दास |
| इन्दुकुमारी साह | सैदा खातुन |
| अन्जना पण्डित | ममता मण्डल |
| नुरून नेसा | मो.युसुफ अली |
| | मनीषकुमार सुमन |

नेताहरुका अनुसार मधेश प्रदेशमा सहमति हुन नसकेपछि राति १ बजे मापदण्ड मिच्दै सिफारिस गरिएको थियो । पार्टीले गरेको सिफारिस विरुद्ध कुमरकान्त झाले आयोगमा उजुरी दर्ता गरेका छन् ।'विधि प्रक्रिया अनुसार पार्टीले सिफारिस गर्नुपर्ने हो' पीडित झाले भने, पार्टीका केही नेताहरुले मापदण्ड मिचेर म माथि अन्याय गरेका हुन् ।

निर्वाचन आयोगले गल्ती सच्याउन दलहरुलाई दिएको समयावधि भित्र कांग्रेसले मधेश प्रदेशको सभासद सिफारिसको सूचीलाई सच्याउनेमा विश्वस्त रहेको झाले बताए।

स्रोतहरुका अनुसार पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभामा निर्वाचित रमेश रिजालले सिंहसित ३० लाख रुपैयामा 'डिल' गरेका छन् । प्रक्रिया मिचेर गरिएको सिंहको सिफारिसको कारण अल्पसंख्यक महिलामा रहेका इन्दुकुमारी साह र अञ्जना पण्डित मध्ये एकजना महिलालाई अर्को कल्स्टरमा राख्नु पर्ने बाध्यात्मक स्थिति आएको नेताहरुले बताएका छन्।

अत्यन्त विपन्न परिवारबाट कांग्रेस पार्टीमा झण्डै ४ दशकदेखि सक्रिय, जेल र थुनामा समेत परेका झालाई हटाउँदा पार्टीमा समेत व्यापक असन्तुष्टि देखिएको युवा नेता घनश्याम यादवले बताए। झा हाल धनुषा कांग्रेस क्षेत्र नम्बर ४ का क्षेत्रीय सभापति हुन्।

यसैगरी जनता समाजवादी पार्टी(जसपा) भाँडभैलो भएको छ ।जसपाले मधेश प्रदेशमा ७ जना सभासदको नाम सिफारिस गर्नुपर्नेमा नेताहरुबीच सहमति हुन नसक्दा १० जनाको नाम सिफारिस गरिएको छ।

जसपाले प्राप्त गरेको प्रत्यक्षतर्फ ९ र समानुपातिकतर्फ ७ गरी कुल १६ सिट प्राप्त गरेको छ ।त्यस मध्ये ६ जना महिला समानुपातिकबाट र एकजना पुरुष मात्र चयन हुने छन् ।जसपाले गरेको सिफारिसमा ७ जना महिला र ३ जना पुरुष छन् । अल्पसंख्यकबाट मनिष सुमन, मुसलिमबाट युसुफ साफी र दलितबाट चन्देश्वर सदाको नाम सिफारिस गरिएको छ।

पुरुषतर्फबाट दलितको सूचीमा १ नम्बरमा रहेका चन्देश्वर सदाको संभावना बलियो रहेको स्रोतले जनाएका छन् ।स्रोतका अनुसार सुमन र साफीको नाम हटाइने तयारी गरिएको छ।

महिला तर्फबाट ७ जना रहेकोमा त्यस मध्ये ललिता दास र ममता मण्डल २ जनाको नाम हटाइने संभावना छ। दलितबाट पुरुष सदालाई चयन गरिनेसँगै ललिता दास र जनजातीबाट रहेकी ममता मण्डलको नाम हट्ने छ। आयोगले पार्टीलाई पठाउने पत्रमा कल्स्टर मिलाएर आवश्यक संख्या ७ को नाम नै राख्न भन्नेछ ।सोमवार सम्म नाम सच्याउने समय निर्धारण गरिएको छ।

आयोगले समानुपातिकतर्फ निर्वाचित हुने प्रतिनिधि र प्रदेश सभा सदस्यहरुको नाम मंगलवार सार्वजनिक गर्ने जनाएको छ।








राजविराजमा शनिबार आयोजित मानव अधिकार दिवसमा लैङ्गिक हिंसासम्बन्धी नाटक प्रदर्शन गर्दै प्राइम होलीक्रस एकेडेमी राजविराजका विद्यार्थी। *तस्बिर : रासस*

# हात्तीले पाँचवटा घर भत्कायो

सप्तरी । सप्तरीको कञ्चनरूपमा जङ्गली हात्तीले शनिबार राति तीन परिवारको पाँचवटा घर भत्काउँदा रु चार लाख बराबरको क्षति भएको छ।



कोसी टप्पु वन्यजन्तु आरक्षबाट आएको जङ्गली हात्तीले कञ्चनरूप नगरपालिका-१२ मातिन परिवारको पाँचवटा घर भत्काएर क्षति गरेको वडा सदस्य जैनुद्दीन मियाँले बताउनुभयो।

कञ्चनरूप-१२ धानुक टोलमा पसेको हात्तीले दलुलाल मण्डलको दुईवटा घर, सञ्जु मण्डलको दुईवटा घर र कैली रामको एउटा घर भत्काउनाका साथै अन्नपात खाएर नष्ट गर्दा करिब रु चार लाख बराबरको क्षति भएको वडा सदस्य मियाँले बताउनुभयो।

एउटा जङ्गली हात्ती वडा नं १२ को बस्तीपुर, श्रवणपुर, सीतापुर, चर्खियालगायत गाउँबस्तीमा प्रवेश गरी किसानले लगाएको तरकारी बाली तथा अन्न बाली खाएर, कुल्चिएर नोक्सान पुर्‍याउँदा लाखौंको क्षति भएको स्थानीयवासीले बताएका छन्।

हात्तीगाउँमा पसेपछि गाउँलेहरू रातभरि डर त्रासमा जाग्राम बसेका छन्। यस भेगमा सालैपिच्छे हात्तीले आतङ्क मच्चाउनाका साथै मानिसको ज्यानसमेत लिने गरेको छ। हात्तीको आतङ्कलाई न्यूनीकरण गर्नेतर्फ सम्बन्धित निकायले चासो नदेखाएको भन्दै गाउँलेहरूले आक्रोश व्यक्त गरेको छन्।रासस

# नेपाल प्रहरीका पदक विजेता खेलाडीलाई सम्मान

काठमाण्डु। नेपाल प्रहरीले नवौं राष्ट्रिय खेलकुद-२०७९ का पदक विजेता खेलाडीलाई सम्मान तथा पुरस्कार प्रदान गरेको छ। प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले नवौं राष्ट्रिय खेलकुद-२०७९ मा पदक विजेता नेपाल प्रहरीमा आबद्ध खेलाडीलाई आज सम्मान गर्नुभएको हो।

नेपाल प्रहरी खेलकुद समितिका अध्यक्षसमेत रहनुभएका प्रहरी महानिरीक्षक सिंहले प्रतियोगिताका विभिन्न विधामा स्वर्ण, रजत र कास्य पदक विजेता खेलाडीलाई सम्मान तथा नगद पुरस्कार वितरण गर्नुभयो। प्रहरी महानिरीक्षक सिंहले विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरका प्रतियोगितामा नेपाल प्रहरीको तर्फबाट सहभागिता जनाई उत्कृष्ट नतिजा हासिल गरेकै कारण सङ्गठनको गरिमा उँच्चो हुँदै आएको बताउनुभयो।

प्रहरीको प्रतिनिधित्व गर्दै प्रतियोगितामा खेलाडीले गरेको कडा परिश्रम, मेहनत, लगनशीलता र खेलकुदप्रतिको समर्पण भावको उच्च प्रशंसा गर्नुभयो। उहाँले खेलाडीले सफलता पछाडिको सङ्घर्ष, त्याग, तपस्या र साधना कायम राख्दै अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो। आफूभित्रको सम्भावनालाई निखार्दै अझ सशक्त र उत्कृष्ट खेलाडीको रूपमा विकास गरी व्यक्तिगत उपलब्धिका साथै सङ्गठनको श्रीवृद्धि, वृहत्तर हित र संस्थागत विकासमा योगदान दिन खेलाडीलाई उहाँले आग्रह गर्नुभयो।

प्रहरी महानिरीक्षक सिंहले हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न पदक विजेता खेलाडीको उच्च योगदान रहेको उल्लेख गर्नुभयो। कार्यक्रममा नेपाल प्रहरी खेलकुद समितिका सदस्य-सचिव एवं राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक सहकुलबहादुर थापाले प्रहरीले विभिन्न खेलकुद गतिविधिमा सहभागी हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गरी राष्ट्रको खेलकुद विकासमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको बताउनुभयो।

विसं २०७९ असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशका विभिन्न जिल्लामा सञ्चालित उक्त प्रतियोगितामा नेपाल प्रहरीका तर्फबाट सहभागी खेलाडीहरूले ६१ स्वर्ण, ६१ रजत र ७२ कास्य गरी कूल एक सय ९४ पदक प्राप्त गर्दै तेस्रो स्थान हासिल गर्न सफल भएको थियो। विजेता खेलाडीलाई सम्मान स्वरुप नेपाल प्रहरी खेलकुद समितिबाट स्वर्ण पदक विजेतालाई रु १० हजार, रजत पदक विजेतालाई रु सात हजार र कास्य पदक विजेतालाई रु पाँच ५ हजार प्रदान गरिएको थियो।रासस

# किसान सस्तोमा उखु बेच्न बाध्य

सर्लाही। यहाँका उखु मिलहरुले समयमै भुक्तानी नदिएपछि उखु उत्पादक किसान सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका छन्। जिल्लामा रहेका तीन उखुमिल मध्य हरिवन नगरपालिका- ११ स्थित रहेको इन्दु शङ्कर चिनी उद्योगबाहेक अन्नपूर्ण र महालक्ष्मी सुगर मिलले समयमै उखु उत्पादक किसानको भुक्तानी नदिएपछि हैरान भएका किसानले उत्पादन गरेको उखु सक्खर उद्योगलाई बेच्न थालेका हुन्।



जिल्लामा रहेका चिनी मिल पनि समयमा सञ्चालन नहुने र उखु बेचेको लामो समयसम्म पनि भुक्तानी नपाउने चिन्तामा रहेका जिल्लाका किसान स्थानीय सक्खर उद्योगलाई आफूले उत्पादन गरेको उखु समयमै बेचेर खाली भएको जमिनमा मुसुरो, गहुँ र धनियाँ लागाउन थालेका छन्।

“इन्दुशङ्कर चिनी उद्योग पुसको पहिलो साताबाट सञ्चालन गर्ने तयारी भइरहेको भए पनि अन्नपूर्ण सुगर मिल र महालक्ष्मी सुगर मिल विगतका वर्षमै खरिद गरेको उखु उत्पादक किसानको रकम भुक्तानी गर्न नसकेर सञ्चालन हुने नहुने भन्ने दोधारमा रहेका छन्, किसानहरुले समयमै उखु बिक्री गर्न नपाउँदा खेतमा अन्य बाली लगाउन नपाउने हुँदा सक्दर उद्योगलाई उखु बेचेर भए पनि समयमै आफ्नो खेत खाली गरी अन्य बाली लगाउँदै छन्”, बरहथवा नगरपालिका- १२ का उखु उत्पादक किसान बलिराम रायले भन्नुभयो।

उहाँका अनुसार चिनी मिल समयमै सञ्चालन नहुने र सञ्चालन भइहाले पनि भुक्तानी कहिले पाउने भन्ने टुङ्गो नहुने कारणले किसानले खेतमा अर्को बाली पनि लगाउन पाएनन्। भुक्तानीको चिन्ता सधैँ रहिरहने गरेका कारण पनि किसान सक्खर उद्योगलाई उखु बिक्री गर्न थालेका हुन्।

बरहथवा-११ का अर्का उखु उत्पादक किसान रत्नबहादुर घिमिरेले नगदेबालीका रूपमा रहेको उखु बेच्ने अन्य कुनै विकल्प नभएकाले सक्खर उत्पादन गर्ने उद्योगलाई बेच्न किसान बाध्य भएको बताउनुभयो।

सरकारले यस वर्ष रु छ सय प्रति क्विन्टल उखुको मूल्य निर्धारण गरेको भए पनि जिल्लाका किसानले अहिले सक्खर उद्योगलाई प्रति क्विन्टल रु तीन सय ५० का दरले उखु बेच्न थालेका उखु उत्पादक किसान राजकुमार मैनालीले बताउनुभयो। चिनी मिल नै बन्द भएपछि उब्जाइएको उखु कसैले खरिद गर्न नसकेको अवस्थामा बाध्य भएर सस्तो मूल्यमा सक्खर उद्योगलाई बेच्न थालेको बसबरिया गाउँपालिका- २ का उखु उत्पादक किसान रामविलाश महतोले बताउनुभयो।

खेतमा सिँचाइ तथा मलको आभावका कारण अन्य कुनै बाली उब्जाउन नसकिएका कारण बर्सेनि उखुखेती गर्दै आए पनि यसबाट कुनै फाइदा नभएको र समय गुज्रिएपछि बेचेको उखुको भुक्तानी कहिले पाउने भन्ने ठेगान नरहेको महतोले बताउनुभयो।

खेतमा लगाएको उखु बेचेर पुनः मुसुरो, धनियाँ र गहुँ लगायतका बाली लगाउन सकिने भएकाले हतार-हतारमा उखु बेच्न थालेको उखु उत्पादक किसान विनय रायले बताउनुभयो।

**सक्खर उत्पादकको पनि गुनासो**

बरहथवा नगरपालिकाभरि हाल करिब छ वटा सक्खर उत्पादन गर्ने उद्योग सञ्चालनमा छन्। उद्योग सञ्चालकले पनि सक्खरको मागअनुसार उखुको मूल्य निर्धारण गर्दै आएका छन्। उत्पादित सक्खरको खपत कम भयो भने उखुको मूल्य पनि रु दुई सय ७० सम्म प्रति क्विन्टल हुन्छ। खपत बढी भयो भने रु चार सयसम्ममा सक्खर उद्योगले उखु किन्ने गरेका छन्।

एघार क्विन्टल उखु पेलेर एक क्विन्टल सक्खर उत्पादन हुँदै आएको बरहथवा-११ का सक्खर उत्पादक व्यवसायी शत्रुधन रायले बताउनुभयो। उहाँका अनुसार उत्पादित सक्खरमध्ये कालो सक्खरको रु पाँच हजार र सेतो सक्खरको रु पाँच हजार पाँच सयदेखि छ हजार दुई सय प्रति क्विन्टल बजार मूल्य रहेको छ। आफ्नो उद्योगमा प्रत्यक्ष रूपमा छ जनाले दैनिक ज्यालीदारीमा रोजगारीसमेत पाएका रायले बताउनुभयो।

“भारतबाट अवैध रूपले आउने सक्खरका कारण व्यवसाय नै धराशायी बन्दै गएको छ, सक्खरले बजार मूल्य नपाउँदा किसान र व्यवसायी दुवैले समस्या झेल्दै आएको छ”, बरहथवा-११ स्थित सञ्चालनमा रहेको सक्खर उद्योगका सञ्चालन शिवचन्द्र रायले भन्नुभयो। भारतबाट आएको सक्खर सस्तो मूल्यमा बिक्री हुँदा आफूहरूले पनि सोहीअनुसार बेच्नु परेकाले लगानीअनुसारको मूल्य आउन नसकेको उहाँको गुनासो छ।रासस

# विषादीको प्रयोगमा सावधानी अपनाउन सुझाव

विराटनगर। जीवनाशक विषादीको प्रयोग सावधानीपूर्वक गर्नुपर्नेमा सहभागीहरुले दिएका छन्। ‘टाढा र नजिक’ दुवै ठाउँमा राख्न नसकिने यस्ता विषादी प्रयोग गर्दा वातावरणमैत्री र जनस्वास्थ्यमा असर नपर्ने विधि अवलम्बन गर्नुपर्ने उनीहरुको सुझाव छ।

ललितपुरको हरिहर भवनस्थित प्लान्ट क्वोरेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रद्वारा आइतवार यहाँ आयोजित जीवनाषक विषादी ऐन तथा नियमावलीसम्बन्धी विषादी विक्रेता, आयातकर्तार सरोकारवालाबीचको अन्तक्रिया कार्यक्रममा सहभागी वक्ताहरुले यस्तो धारणा व्यक्त गरेका हुन्।

विषादी कृषि उत्पादनका लागि अति आवश्यक भए पनि यसको मात्रा दिनप्रतिदिन घटाउँदै लैजानुको विकल्प नरहेको भन्दै उनीहरुले ऐन तथा नियमावलीमा उल्लेखित व्यहोरा पूर्णपालना गर्ने प्रतिबद्धता पनि जनाएका छन्।

प्रदेश नं १ र मधेस प्रदेशका विषादी व्यवसायी, आयातकर्ता र सरोकारवाला गरी ३० जना सहभागी रहेको सो गोष्ठीमा प्रदेश नं १ का कृषि मन्त्रालयका कानुन अधिकृत शङ्कर बाराकोटीले विषादी ऐन र नियमावलीका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

नेपालमा बर्सेनि करिब आठ सय ३१ मेट्रिकटन जीवनाषक विषादी आयात हुने गरेको छ। एकसय ६५ प्रकारका त्यस्ता विषादीमा २४ प्रकारको विषादी आयात हुन सरकारले प्रतिबन्ध लगाएको वरिष्ठ बाली संरक्षण अधिकृत मनोज पोखरेलले जानकारी दिनुभयो।

गोष्ठी उद्घाटन गर्दै प्रदेश नं १ कृषि सचिव मेघनाथ तिमल्सेनाले नेपालमा २०५१ सालमा जीवनाषक विषादी ऐन तर्जुमा भएको चर्चा गर्दै यस्तो विषादी प्रयोगकर्तासम्म ऐनमा उल्लेखित विषयमा जानकारी गराउनु अपरिहार्य भएको बताउनुभयो। उहाँले वातावरण र जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने विषादी प्रयोगमा सावधानी अपनाउनुपर्नेमा जोड दिनुभयो।

केन्द्रका प्रमुख सावित्री बरालले विषादी व्यवसायीले आफ्नो व्यवसायसँगै दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिँदै यस क्षेत्रमा देखिएका समस्या पहिचान गरेर समाधानको बाटो पहिल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो। रासस

# मानवअधिकार’ विशेष अभियान प्रारम्भ

काठमाण्डु। मानवअधिकार तथा शान्ति समाजले ‘महिला अधिकारः मानवअधिकार’ भन्ने उद्घोषसहित विशेष अभियान प्रारम्भ गरेको छ।

समाजले ७४औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा १६ जिल्लामा प्रदर्शनसहितका कार्यक्रम गर्दै अभियानको थालनी गरेको हो। महिलामाथिको हिंसा र भेदभाव अन्त्य गर्न एवं महिला सशक्तीकरणमा केन्द्रित रही थालिएको यो अभियान निरन्तर चल्ने जनाइएको छ।

अभियानअन्तर्गत शान्ति समाजका जिल्ला शाखाले शनिबार रुपन्देहीको वुटवल, चितवनको भरतपुर, पाल्पाको तानसेन, सल्यानको खलङ्गा, कैलालीको टीकापुर, मोरङको विराटनगर, अछामको मङ्गलसेन, सङ्खुवासभाको खाँदबारी, बागलुङ सदरमुकाम, नुवाकोटको बट्टार, महोत्तरीको जलेश्वर, बाँकेको नेपालगञ्ज, अर्घाखाँचीको सन्धिखर्क र झापाको धुलावारी गरी १४ स्थानमा प्रदर्शन गरेका थिए। शान्ति समाज काठमाडौं र दाङ शाखाले अन्तर्क्रिया कार्यक्रम आयोजना गरेका थिए। ‘महिला अधिकारः मानवअधिकार, व्यवहारमा चरितार्थ गरौं’ लेखिएका प्लेकार्ड प्रदर्शन गरेको महासचिव रामकृष्ण बरालले जानकारी दिनुभयो।

यसैगरी ७४औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका सन्दर्भमा शान्ति समाजका सुर्खेत, गोरखा शाखाले पनि अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको उहाँले बताउनुभयो।रासस


## विमालेख हरायो

मेरो निम्न व्यहोरा भएको एसियन लाइफ इन्स्योरेन्स कं. लिमिटेड को विमालेख मिति २०७९/०५/०३ गते घरबाट जानकी चोक जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको मोबाइल अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : रागिनी कुमारी**
**विमालेख नं.:६६२२००२३४९३**
ठेगाना: जनकपुरधाम उ.म.न.पा.-१, धनुषा
**मो.नं.९८१७८१४८६०**


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : वाद विवादबाट बच्नु। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : भ्रमण अवसर हुने। |
| बृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# रोमालाई कारागार चलान



**टुडे समाचारदाता**

राजविराज । लागू औषध मुद्दामा अदालतबाट कैद सजाय तोकिए पछि फरार भएकी एक महिलालाई पक्राउ गरी कारागार चलान गरिएको छ।

सप्तरीको सुरुंगा नगरपालिका १ का ३२ वर्षीया रोमा कुमारी विश्वकर्मालाई पक्राउ गरी कारागार चलान गरिएको हो।

२०७८ साल असार २० गते भारतीय सीमासंग जोडिएको सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ स्थित सडक खण्डमा चेक जाँचको क्रममा उनी लागू औषधसहित पक्राउ परेकी थिइन।

सशस्त्र प्रहरी हवल्दार विनोद कुमार मण्डल नेतृत्वको टोलीले उनको साथबाट प्रतिबन्धित लागू औषध एसपास्मोप्रोसिभन क्याप्सुल १४४ थान र नाइट्रोसन ट्याब्लेट २० थान बरामद गरेको थियो।

प्रहरीले उनी उपर लागू औषध मुद्दामा कानूनी प्रक्रिया अघि बढाउँदा सप्तरी जिल्ला अदालतले २०७८ साल चैत २३ गते १ लाख जरिवाना तथा २ वर्ष कैद सजायको फैसला गरेको थियो।

फैसला लगत्तै फरार भएकी विश्वकर्मालाई अघिल्लो दिन प्रहरीले राजविराज नगरपालिका ६ स्थित एक घर नजिकैबाट पक्राउ गरेको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए।

उनलाई आइतवार अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# हाड जोर्नीको उपचारमा आर्या न्यूरो अब्बल

**टुडे समाचारदाता**

विराटनगर। विराटनगर ३ कन्चनबारी स्थित आर्या न्यूरो अस्पताल हाडजोर्नी सम्बन्धी रोगको उपचारका लागि भरपर्दो गन्तव्य बनेको छ। अत्याधुनिक उपकरण र वरिष्ठ हाडजोर्नी विशेषज्ञ चिकित्सक सहितको टिमको संयोजनमा आर्या न्यूरोमा हाडजोर्नीको सफल उपचार भइरहेको छ । यो अस्पतालमा अहिले जोर्नी प्रत्यारोपणदेखि हाड जोड्नेसम्मको उपचार हुने गरेको छ।

आर्या न्यूरोमा अर्थोस्कोपिक, हाडजोर्नी सम्बन्धी उपचार, मेरुदण्ड शलयक्रिया, मेरुदण्डमा स्टिल हाल्ने, जोर्नी प्रत्यारोपण (घुँडा, कम्मर तथा कुहिना) हुने गरेको छ। जोर्नी प्रत्यारोपणदेखि हाड जोर्नी फेर्नेसम्मको उपचार सेवा सुरु भएपछि अब विराटनगर बाहिर जानुपर्ने बाध्यता हटेको वरिष्ठ हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा. मिलन केसीले बताए।

आर्या न्यूरोमा केही दिन अगाडी मोरङको जहदा गाउँपालिका ३ की ७२ वर्षीय फुलदेवी ऋषिदेवको हिपको सफल प्रत्यारोपण गरेको छ । डा. केशीको नेतृत्वमा राजवंशीको हिपको सफल प्रत्यारोपण भएको हो। विरामीको सफल उपचार भएपछि राजवंशी अहिले मज्जाले हिडडुल गर्न सक्ने भएकी छिन् । 'उमेर बढदै जाँदा हड्डी खिइने समस्या हुने गर्दछ,' डा. केसीले भने । यसैगरी आर्या न्यूरो अस्पतलामा सवारी दुर्घटनमा परी उर्लाबारीका ३० वर्षीय



समीर पौडेल मेरुदण्ड र 'पेलविस' भाचिएको थियो । अस्पतालका डा. केसीले फेलविसको सफल शल्यक्रिया गरेपछि विरामी ठिक भएर डिर्स्चाज भएको जानकारी दिए।

यसैगरी भोजपरकी ३० वर्षीय सृजना तामाङ्ग लडेर मेरुदण्डमा चोट लागेको थियो। उनको खुट्टा पनि नचल्ने भएको थियो । उनी उपचारको लागि विराटनगरको एक हस्पिटलमा पाँच दिन राखियो । ठिक नभएपछि आफन्तको साहारमा आर्या न्यूरो हस्पिटल आएकी थिइन्। कार्तिक २ गते वरिष्ठ न्यूरो सर्जन तथा अस्पतालका प्रबन्धक निर्देशक डा. पंकजराज नेपालको टिमले मेरुदण्डको सफल शल्यक्रिया गऱ्यो । २८ दिन हस्पिटलमा बसेपछि १ मंसिरमा डिस्चार्ज भएको थियो। उनी आइतबार हस्पिटलमा फलोअपमा आएकी थिइन् । 'अहिले मज्जाले हिडडुल गर्न सक्ने भएको छु,' उनले भनिन्, 'आर्या न्यूरोले नयाँ जीवन दिएको छ।'

यसरी अस्पतालमा डा. केसी आएर हाड जोर्नी सम्बन्धी रोगीका विरामीको उपचारमा आर्यान्यूरो निरन्तर सफलतातिर अग्रसर बनेको हो । अस्पतालमा हाड जोर्नीको सफल शल्यक्रिया तथा उपचार हुन थालेपछि पूर्वी नेपाल र भारतका विरामीको चाप बढ्न थालेको छ । गुणस्तरीय सेवा प्रदान गरेर विरामीको मन जित्न पनि आर्या न्यूरो सफल हुँदै गएको हो । पूर्वी नेपाल र भारतीय सीमा क्षेत्रबाट आउने विरामीले हार्डजोर्नी सेवा पाउँदै आएका छन्। अस्पतालमा जटिल शल्याक्रियालाई आवश्यक पर्ने प्रविधि र विशेषज्ञ चिकित्सक उपलब्ध भएसँगै उपचार गराउने विरामीको संख्या बढ्दै गएको छ।

आर्या न्युरो अस्पतालमा घुँडाको प्रत्यारोपण हुन थालेपछि अब विराटनगर बाहिर जानुपर्ने बाध्यता हटेको उनले बताए । चिकित्सकका अनुसार ५० वर्षमाथिका वृद्धवृद्धामा घुँडाको हाड बढेर हुने दुखाइ कम गर्न यस्तो प्रत्यारोपण गरिन्छ। घुँडाको हाड काटेर त्यसमा नयाँ निर्मित जोइन्ट उपकरण राखिन्छ । खासगरी वृद्धाअवस्था भएपछि घुँडा दुख्ने समस्या आउने गरेको बताउँदै चिकित्सक केसीले भने, 'अपरेसनपछि पूर्ववत् अवस्थामा फर्कन सकिन्छ ।' जोर्नी प्रत्यारोपण गरेपछि बिमारीहरू झन् हिँडडुल गर्न सक्दैनन् भन्ने जनमानसमा जुन धारणा छ, त्यो विलकुल गलत भएको उनले बताए।

# पठनपाठन निःशुल्क गर्ने घोषणा

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगञ्जका पत्रकार नरेश सर्राफले समाजलाई पुऱ्याएको योगदानको कदर गर्दै अक्षय कोष स्थापना तथा छोरीको पठनपाठनको सम्पूर्ण जिम्मा र परिवारलाई तत्काल ५ लाख रुपैयाँ नगद उपलब्ध गराउने घोषणा गरेका छन्।

पत्रकार सर्राफको १० औं दिनको पुण्य तिथिको अवसरमा वीरगञ्ज ९९ मेगाहर्ज, समाजवादी प्रेस सङ्गठन पर्साको संयुक्त आयोजनामा रेडियो परिसरमा आयोजित श्रद्धाञ्जली सभामा नगर प्रमुख सिंहले सो घोषणा गर्दै परिवारको जीविकोपार्जनका लागि महानगरको तर्फबाट तत्काल आर्थिक सहयोग प्रदान गर्ने बताए।

त्यसैगरी नगर प्रमुख सिंहले वीरगञ्जको




पत्रकारिता क्षेत्रमा सर्राफले पुऱ्याएको योगदानको कदर गर्दै नेपाल पत्रकार महासङ्घ पर्सा शाखाको अगुवाइमा स्थापना गरिने स्मृति कोषमा महानगरपालिकाको तर्फबाट १० लाख रुपैयाँ उपलब्ध गराउने घोषणा पनि गरे।

नगर प्रमुख सिंहले पत्रकार सर्राफका ७ वर्षीया छोरीको १० कक्षा सम्मको पठनपाठनको जिम्मा पनि महानगरपालिको लिने बताउँदै बालिकाको इच्छा बमोजिमको वीरगञ्ज नगरको कुनै पनि विद्यालयमा महानगरपालिकाले पठनपाठनको व्यवस्था मिलाउने बताए।

त्यस्तै, पत्रकार सर्राफका छोरीलाई रेडियो वीरगञ्जले १ लाख रुपैयाँ, समाजवादी प्रेस संगठन पर्साले १ लाख रुपैयाँ उपलब्ध गराएका छन् भने राष्ट्रिय भूमि आयोग पर्साका अध्यक्ष एवं जसपाका जिल्ला सचिव तबरेज अहमदले बालिकाको पठन पाठनका लागि कोष खडा गर्न ५० हजार रुपैयाँ नगद उपलब्ध गराउने भएका छन्।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका महासचिव श्याम बन्जराले पत्रकारिताका माध्यमले सर्राफले समाजमा पुऱ्याएको योगदानको चर्चा गर्दै उहाँको परिवारको जीविकोपार्जनका लागि पत्रकार महासङ्घले छिट्टै निर्णय लिने जानकारी दिए।

# गाँजासहित तीन जना पक्राउ

**टुडे समाचारदाता**

लहान। सिरहामा प्रतिबन्धित लागू औषध गाँजासहित तीन जना पक्राउ गरिएको छ।

आइतबार धनगढीमाई नगरपालिका १२ कुश्माहा खुट्टी खोलाबाट तीन जनालाई पक्राउ गरिएको हो। ९२ किलो गाँजासहित तीन जनालाई पक्राउ गरिएको सिरहा प्रहरीका प्रवक्ता सुवास बुढाथोकीले जानकारी दिए।

उनका अनुसार भगवानपुर गाउँपालिका ४ का ४४ वर्षीय शिवनाथ मण्डल, सोही ठाउँका ५५ वर्षीय बेचु मण्डल र सप्तरी बोदेबसाइन नगरपालिका ९ का ४८ वर्षीय रामकुमार मण्डललाई पक्राउ गरिएको छ । प्रहरीलाई




शंका लागि उनीहरुो झोला चेकजाँच गरेका थिए।

बोरामा लुकाईछिपाइ उनीहरुले गाँजा ओसार पसार गरिरहेका थिए।

उनीहरु अहिले सिरहा प्रहरीको हिरासतमा छन् । सात दिनको म्याद थप गरी उनीहरुमाथि आवश्यक कारबाही सुरु भएको छ।

# सामाजिक सुरक्षा भत्ता नलिने घोषणा

कटारी। उदयपुरको कटारी नगरपालिका-११ का ७४ वर्षीय बेगबहादुर सुनुवारले सामाजिक सुरक्षा भत्ता नलिने घोषणा गर्नुभएको छ। आफू आफ्नै मेहनतको कमाइ मात्रै खाने बताउँदै सुनुवारले भत्ता नलिने घोषणा गर्नुभएको हो।

एक छोरीको साथमा बस्दै आएका सुनुवारको मुख्य पेशा कृषि कर्म हो। अरुको केही पनि नलिने र नखाने स्वाभावका सुनुवारले यसअघि देखि नै भत्ता नलिने बताउँदै आउनुभएको वडाध्यक्ष अनन्त हायुले बताउनुभयो। 'उहाँले भत्ता लिन मान्नु भएन र नलिने घोषणा गर्नुभयो।' वडाध्यक्ष हायुले भन्नुभयो, 'उहाँ अरुले दिएको खानु हुन्न।'

हायुकाअनुसार राज्यले दिएको भत्ता नलिने घोषणा गर्दै सुनुवारले राज्यबाट निःशुल्क भत्ता नलिने घोषणा गर्नुभएको हो। सुनुवारले भत्ता नलिने घोषणा गरेको जानकारी नगरपालिकालाई गराइसकेको बताउँदै वडाध्यक्ष हायुले वडाबाट विशेष सम्मान गर्ने तयारी गरेको बताउनुभयो। रासस

# कलेजमा सिद्धार्थ बैंकको छुट

**टुडे समाचारदाता**

जनकपुरधाम । सिद्धार्थ बैंक लिमिटेड र सिनामंगलस्थित काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेडबीच बैंकका ग्राहक महानुभावहरुलाई अस्पतालका विभिन्न सेवाहरुमा छुट प्रदानगर्ने सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका तर्फबाट हेड अफ सर्कल अफिस त्रिपुरेश्वर अजय सिंह भण्डारी तथा काठमाडौं मेडिकल कलेजका तर्फबाट सामान्य प्रशासन प्रमुख प्रेम प्रकाश थापाले हस्ताक्षर गरेका छन्।

उक्त सम्झौता अनुसार बैंकका ग्राहकहरुले काठमाडौं मेडिकल कलेजमा सिद्धार्थ बैंकको डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड, मोबाईल बैंकिङ्ग, क्यूआर मार्फत भुक्तानी




गर्दा विभिन्न स्वास्थ्य सेवामा दश प्रतिशत सम्मको छुट प्राप्त गर्न सक्ने छन्।

यसले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गर्नुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ।

# तस्करीको काठ बरामद



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर २ श्रीपुर टोलबाट प्रहरीले दुई थानसालको गोलिया काठ बरामद गरेको छ।

तस्करहरुले जंगलबाट रुख फडानी गरी साइकलमा बोकेर ल्याउदै गरेको काठ प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यलय पटेर्वासुगौलीबाट प्रहरी नायब निरीक्षक नन्दकिशोर साहको नेतृत्वमा खटिएको प्रहरी टोलीले आइतवार दुई थान साइकलसहित अन्दाजी १४ घनफिट सालको काठ बरामद गरेको छ।

काठ र साइकल बरामद भए पनि तस्करहरु भने फरार भएकाले उनीहरुको खोजी भइरहेको प्रहरी नायब निरीक्षक साहले जानकारी दिए।

# कोभिड-१९ खोप अभियान सञ्चालन

**टुडे समाचारदाता**

जलेश्वर । खोप लिनबाट बञ्चित तथा पूर्ण खोप लिन नसकेका महोत्तरी जिल्लाको दुई वटा पालिकाका व्यक्तिहरुका लागि कोभिड- १९ को खोप अभियान सञ्चालन गरिएको छ।

रेडक्रस सोसाईटीका अनुसार जिल्ला स्वास्थ्य कार्यालय र नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाको समन्वयमा जिल्लाको बलवा नगरपालिका र पिपरा गाउँपालिकामा १२ वर्ष माथिका कोभिड-१९ का खोप लिएका अथवा खोप लिनबाट छुटेका सबै नागरिकका लागि खोप अभियान शुरु गरिएको छ।

विभिन्न चरणमा जिल्लामा सञ्चालन भएको कोभिड-१९ को खोप अभियान दुबै पालिकामा न्यून व्यक्तिहरुको सहभागिता रहेकोले छुटेका तथा पूर्ण खोप बाँकी रहेका सबै व्यक्तिका लागि आजदेखि ५ दिनसम्म दुबै पालिकाका प्रत्येक स्वास्थ्य संस्थामा खोप अभियान सञ्चालन गरिएको छ।

जिल्लामा यसअघि सञ्चालन भएको खोप अभियानमा जिल्लाको बलवा नगरपालिकामा पहिलो डोज लिने ५८.८ प्रतिशत, पूर्ण डोज लिने ६५.२ प्रतिशत र अतिरिक्त डोज मात्र १८.७४ प्रतिशत व्यक्तिले लिएका थिए भने पिपरा गाउँपालिकामा पहिलो डोज लिने ५९.७ प्रतिशत, पूर्ण डोज लिने ६६.५ प्रतिशत र अतिरिक्त डोज मात्र २०.७ प्रतिशत व्यक्तिले खोप लिएका थिए।

जिल्लाका १५ वटा पालिका मध्ये सबै भन्दा कम यी दुबै पालिकाका व्यक्तिहरुले कोभिड खोप लिएका कारण दुबै पालिकामा आजदेखि पाँच दिनसम्मको लागि पुनः कोभिड-१९ को खोप अभियान सञ्चालनमा ल्याइएको छ।

कोभिड-१९ खोप अभियानको तथ्याँक हेर्दा यहाँ ६८.६ प्रतिशत व्यक्तिले पहिलो डोज, ७५.७ प्रतिशत व्यक्तिले पूर्ण खोप र १९.१ प्रतिशत व्यक्तिले अतिरिक्त डोज लगाइसकेका छन्।


## चन्द्र नारायण यादव मेमोरियल ट्रष्ट सिरहाद्वारा सञ्चालित

## चन्द्र नारायण यादव मेमोरियल मेटर्निटी अस्पताल

माडर, सिरहा

## विशेषज्ञ, दक्ष स्वास्थ्यकर्मी आवश्यकता सम्बन्धि सूचना

सूचना प्रकाशित मितिः–२०७९/०८/२५

चन्द्र नारायण यादव मेमोरियल ट्रष्ट सिरहाद्वारा सञ्चालित चन्द्र नारायण यादव मेमोरियल मेटर्निटी अस्पताल माडर सिरहालाई स्तरउन्नती तथा विपन्न वर्गलाई निःशुल्क सेवा प्रदान गर्न थप विशेषज्ञ, र दक्षस्वास्थ्यकर्मीहरु देहायमा लेखिएको संख्यामा आवश्यकता भएकोले योग्यता प्राप्त गरेको ईच्छुक उम्मेदवारले सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र आ-आपना शैक्षिक प्रमाण पत्र ,नागरिकता प्रमाण-पत्र को प्रतिलिपि एक/एक प्रति र (CV) पेश गर्नुहुन अनुरोध छ।

तपसिलः–


| क्र.सं. | | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| 1 | Director | | 1 | MD with 5 Years' Experience Or MBBS with 8 Years' Experience |
| 2 | a | MD/Diploma in Obstetrics and Gynecology | 1 | |
| | b | MD in MDGP | 1 | |
| | c | MD in Medicine | 1 | |
| | d | MD/ Diploma in Pediatrics | 1 | |
| | e | MS in Surgery | 1 | |
| | f | MS/Diploma in Orthopedics | 1 | |
| 3 | Hospital Management Officer | | 1 | 1 Year Experience |
| 4 | MBBS | | 2 | With 1 Year Experience in different clinical subject |
| 5 | Anesthesia technician or Assistant | | 1 | With Experience |
| 6 | BMLT | | 1 | With Experience of Recent Machine |
| 7 | Lab Technician | | 1 | With 1 Years' Experience |
| 8 | H.A. | | 3 | With Experience of Emergency Equipment |
| 9 | Staff Nurse | | 3 | With Experience |
| 10 | X-ray Technician/ Radiographer | | 1 | 1 Year Experience |
| 11 | CMA | | 3 | |
| 12 | ANM | | 3 | |
| 13 | Driver | | 1 | |
| 14 | Security Guard | | 2 | |

**नोटः– लोक सेवा आयोगमा बैकल्पिकमा नाम निकालेका उम्मेदवारहरुलाई विशेष ग्राहता दिईनेछ।**

सुविधाहरुः–
- आवासको व्यवस्था अस्पतालकै हाताभित्र छ।
- क्यान्टीनको व्यवस्था छ।
- तलबको हकमा योग्यता तथा समय अवधि बमोजिम आपसी सम्झदारी अनुसार।
- ईच्छुक उम्मेदवारले सोझै वा ईमेल मार्फत आफ्ना कागजातहरु अस्पतालमा पठाउन सक्नुहुनेछ।

सम्पर्कको लागिः–
- Email id:- cnymmhmadar@gmail.com
- Mobile No.:-9863978121/9829724333/9842824084/9842821401

सम्पर्क मितिः– २०७९/०९/०४ गते सोमबार



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेशी दलित, जनजातीसित विभेद

संघीय र प्रदेश सभाका लागि दलहरुले निर्वाचन आयोगमा पठाएको दलित, आदिवासी, जनजातीहरुको सूचीमा विभेद गरिएको छ ।दलित, जनजाती, आदिवासीको सूचीमा मधेशीहरुको प्रतिनिधित्व गराइएको छैन् ।मधेशमा रहेका दलित मुसहर, चमार, दुसाध, मेस्तर, डोम, खत्वे लगायत जनजाती तर्फ धानुक, केवट, कुर्मी लगायत, आदिवासीतर्फ थारु समेतका जातजातीहरुको प्रतिनिधित्व दलहरुले गराएको छैन् । पहाडमा मात्र दलित, आदिवासी, जनजाती हुन भने होइन् । मधेशमा पनि आदिवासी, जनजाती, दलितहरु छन् । उनीहरुको जनसंख्या पनि बाक्लो नै छ । विपन्न र पछाडि पारिएका उनीहरु हुन् ।तराई, मधेशमा उनीहरुसित अझै पनि छुवाछुतको विभेद छ । राज्यको शासन, प्रशासनमा उनीहरुको समान सहभागिता हुनु आवश्यक छ । पहाडमा रहेका दलित, आदिवासी, जनजातीले संविधान प्रदत्त आरक्षणको अधिकार उपभोग गर्ने र तराई, मधेशमा रहेका दलित, आदिवासी, जनजातीहरुलाई त्यो सुविधाबाट बञ्चित गर्नु हुँदैन् ।मधेश केन्द्रित दलहरुले पनि दलित, जनजाती, आदिवासीमा मधेशबाट प्रतिनिधित्व गराएको छैन् ।आमचुनावबाट सबैभन्दा ठूलो दल बनेको नेपाली कांग्रेस, दोस्रो दल एमाले, तेस्रो माओवादीले मधेशी आदिवासी, जनजाती, दलितहरुको आरक्षित कोटामा समावेश गराएको छैन् । पहाड र मधेशका दलित, आदिवासी, जनजातीहरुलाई समान अवसर प्रदान गर्नुपर्छ । दलित, आदिवासी, जनजातीको कोटामा पहाड र तराईबाट समान रुपमा संख्या वितरण गर्नुपर्छ। महिलाको आरक्षणमा पनि पहाडको खस आर्य महिलालाई मात्र समावेश गरिन्छ। मधेशी महिलालाई मधेशको कोटामा राखिन्छ। पहाड अथवा मधेश जहाँको भए पनि महिलाको कोटामा समान अवसर पाउनु पर्छ। संविधानमा मधेशी महिलाका लागि मधेशी कोटा र खसआर्य महिलालाई महिला कोटा भनेर राखिएको छैन् । त्यसकारण महिला, आदिवासी, जनजाती र दलित कोटामा पहाडका बासिन्दालाई मात्र नभै मधेशका बासिन्दालाई समान अवसर अनिवार्य रुपमा दिनैपर्छ। नेपाली कांग्रेस, एमाले, माओवादी लगायतका दलले त्यस्तो अवसर नदिएकाले संघर्ष गर्नुपर्ने अवस्था विद्यमान छ । तर मधेशको मत लिएर पहाडबाट आदिवासी, जनजाती, महिला, दलितको छनोट गर्ने दलहरुले मधेशका ती वर्गीसित ठूलै अन्याय गरिरहेका छन् । मधेश र मधेशी अधिकारका लागि मधेशमा वकालत गर्ने तर अवसर गैर मधेशीलाई दिने दल र नेताहरुबाट सावधान हुनुपर्छ ।मधेशका लागि जीवनको आहुति दिने सपुतहरुको सपनालाई ध्वस्त बनाएर सत्तामा पुग्न नेताहरुले चरम बेइमानी गर्न थालेका छन् ।मधेशी कोटामा मधेशी महिला, दलित, आदिवासी, जनजाती रहने तर संख्यात्मक रुपमा समेत कम रहेका खसआर्यहरुले अधिकांश सिट कब्जा गर्ने प्रवृत्तिलाई रोक्नु पर्छ । मधेशी महिला, दलित, आदिवासी, जनजातीहरुलाई समानुपातिक निर्वाचन प्रणालीमा मात्र नभै अन्य अवसरमा समेत विभेद भइरहेको छ । यसको विरोध गरौ र अधिकार लागि उठौ, जागौ र संघर्ष गरौ ।

# सहज छैनन सी जिन पिङका मार्ग



श्रीमन नारायण

सीपीसीको २० औं कांग्रेस विशुद्ध रुपमा सी जिनपिङकै वरिपरि केन्द्रित रहेको पाइयो तथापि आन्तरिक रुपमा र बाह्य रुपमा पनि सी जिनपिङ्ग सामु अनेकौं चुनौती रहेका छन् । कोभिड-१९ लाई नियन्त्रण गर्न अपनाइएको कोभिड शुन्य नीति, बिआरआई र भ्रष्टाचार विरोधी अभियान उनको निम्ति ठुलो समस्या सावित हुने निश्चित छ । यसका प्रारम्भिक लक्षणहरु देखा पनि पर्न थालेका छन् । सी जिनपिङका आगामी दिनहरु सहज हुने छैनन ।

उत्तरी छिमेकी चीनमा विगत एक दशकदेखि त्यहाँको राष्ट्रपति पदमा काबिज सी जीनपिङ जीवनभरीकै लागि राष्ट्रपति रहने भए । गत महिना बेइजिङ्गको तियानमेन स्क्वायरमा आयोजित चिनियाँ कम्युनिष्ट पार्टीको २० औं कांग्रेसमा उपस्थित चीनका विभिन्न क्षेत्रका २ हजार तीन सय प्रतिनिधिले २ सय जना केन्द्रिय समिति सदस्य चुने । यिनीहरुले फेरी २५ जना पोलिटब्युरोको सदस्य चुने । यी २५ जनाले अन्त्यमा गएर ७ सदस्यीय सर्वोच्च पोलिटब्युरोको स्ट्यानडिङ्ग कमिटि चुने, जहाँ प्रथम नेता फेरी सी जीनपिङ नै हुने भए । यस पदमा काबिज हुने बित्तिकै सी जीनपिङ देशको सबैभन्दा माथिका तीन महत्वपूर्ण स्थान आफ्नो नियन्त्रणमा राख्ने भए । विगत दश वर्षदेखि उनी नै यस पदलाई ओगटी राखेका छन् । सी जीनपिङ चिनियाँ कम्युनिष्ट पार्टीका मूख्य सचिव, चीनका राष्ट्रपति र चीनको सेन्ट्रल मिलिट्री कमिशनका अध्यक्ष हुने भए । अर्को शब्दमा भन्नुपर्दा पार्टी, सरकार र चीनको केन्द्रिय सैन्य आयोगका प्रमुख पनि उनी नै हुनृ भए ।

चिनियाँ कम्युनिष्ट पार्टीको सन् २०१७ को १९ औं कांग्रेसले प्रत्येक दश वर्षमा पार्टीको नेतृत्व परिवर्तन गर्ने चलिआएको संवैधानिक प्रावधान हटाइसकेपछि त्यतिबेला नै सी जिनपिङले आफु सधैँका लागि राष्ट्रपति रहने संवैधानिक र कानूनी मार्गलाई आफ्नो निम्ति अनुकूल बनाउने काम गरे । माओत्सेतुङ्ग झै आफ्नो विचारहरुलाई पनि चीन भित्र र चीन बाहिरका कम्युनिष्ट समर्थकहरु माझ ब्यापक रुपमा प्रचार प्रसार गर्ने अभिमान नै चलाएका छन् । नेपालका अधिकांश कम्युनिष्ट नेताहरु पनि अप्रत्यक्ष रुपमा उनको विचारबाट दीक्षित भएका छन्, भइरहेका छन् । राष्ट्रपति सी जीनपिङ आफुलाई झन शक्तिशाली बनाउन र आफ्ना विरोधीलाई ठेगान लगाउन हर सम्भव पाइला पनि कुशलतापूर्वक नै चालेका छन् ।

सी जिनपिङलाई चुनौती दिने महान संस्था झुण्ड आदिलाई जरैबाट उखेल्ने स्थतिमा पुर्‍याउने काम २० औं कांग्रेसले गर्‍यो । सी जिपपिङ अघिका दश वर्ष पार्टीका महासचिव र चीनका राष्ट्रपति रहेका सबैले मानेका नेता हु चिन्ताओलाई कांग्रेसको मुख्य अधिवेशनबाट निकालियो, यो अति नै मर्माहत्त दृश्य थियो । उनको छेउमा नै राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली खहुचाङ्ग पनि बसेका थिए । हु चिन्ताओलाई यसरी अभद्रतापूर्वक बाहिर निकालिएको भिडियोलाई हेर्न विश्व समुदायले यसको विश्लेषण विभिन्न तरिकाले गरे । कसैले अस्वस्थ पनि ठाने त धेरैले सुनियोजित योजना बताए । केहीले यसलाई एक किसिमको पार्टीका अन्य नेताहरुको निम्ति चेतावनीको रुपमा पनि सम्झेका छन् । हु चिन्ताओले कम्युनिष्ट पार्टी भित्रकै शक्तिशाली युथ लिगलाई नेतृत्व प्रदान गरेका थिए जबकि सी जिनपिङ युथ लिगलाई मन पराउँदैनन् । एक किसिमले युथ लिगलाई उनले अवसान नै गरिदिए । अन्तर्राष्ट्रिय मिडियाको उपस्थितीमा भएको यस घटनाले विश्व समक्ष एउटा सन्देश प्रवाहित गर्ने काम भएको छ कि चीनमा सी बाहेक अरु कसैको केही हैसियत नै छैन ।

सीको शासनमा भ्रष्टाचारको आरोपमा कम्युष्टि पार्टीका एक सयभन्दा बढी उच्चस्तरीय सदस्य, मध्यम र निम्न स्तरका एक लाखभन्दा बढी कर्मचारीहरु थुनिए । भ्रष्टाचार गरेकालाई धन वापस गर्न लगाए । प्रधानमन्त्री बेन जियाबाओकी श्रीमति झानु पेली, योङ्गकिङ्गका शक्तिशाली नेता बी जिलाई सर्वोच्च पदमा रहेका सुरक्षा कर्मचारी सबै भ्रष्टाचारीमाथि कारवाही हुने भयो । पार्टीका सदस्यहरु, सरकारी अधिकारी कर्मचारी र निजी कम्पनीबीच भ्रष्टाचारको गठबन्धन नै रहेको मान्न सकिन्छ । ठीक छ, भ्रष्टाचारी माथि कारवाही भएको छ तर भ्रष्टाचार आखिर किन र कसरी हुन गयो ? यस प्रश्नको जवाफ पनि खोजिनु पर्ने हो । कम्युनिष्ट पार्टीको शासनमा भएका भ्रष्टाचार, अनियमितता र अराजकताका सत्य तथ्य त ति पार्टीको शासनसत्ता अन्त्य भएपछि मात्रै थाहा हुन्छ जस्तो कि सोभियत संघ, क्यामबोडिया र पूर्वी यूरोपका देशहरुमा सार्वजनिक भइआएका छन् । भ्रष्टाचारीको आरोपमा सीले आफ्ना राजनीतिक प्रतिद्धन्दी र विरोधीलाई ठेगान लगाउन अवश्य पनि सफल भएका छन् । भ्रष्टाचार विरोधी अभियानलाई जनताले समर्थन गर्नु स्वभाविकै हो । यसले गर्दा सिको लोाकप्रियतामा कमी आएन ।

**बाह्य रुपमा चीनले मित्र भन्दा बढी विरोधी नै कमाएको छ । सन् २०४९ भित्र ताइवानलाई चिनको अभिन्न अंग बनाउने उसको अभियानलाई अमेरिकाले सजिलै सफल हुन दिने छैन । दक्षिण चीन सागर र इण्डो प्यासिफिक क्षेत्रमा चीनले ठुलै चुनौतीको सामना गर्नुपर्नेछ । भारतको बढ्दो आर्थिक र सैन्य प्रभावले दक्षिण एशियामा र पूर्वी एशियामा चीनको बढ्दो प्रभावमाथि रोक लगाइरहेको अवस्था छ । जापान, अष्ट्रेलिया र अमेरिकासितको सहकार्यले चीनलाई थप चिन्तित बनाएको छ। बीआरआई अन्तर्गत दिइएकाकाऋण सजिलै नउठले सम्भावनाले चीलाई समस्याग्रस्त बनाउने छ । सिपीसिमा र देशभित्र सी जिनपिङको प्रभाव तत्कालैत कम छैन। तर आगामी उनको निम्ति पनि चुनौतीपूर्ण हुने निश्चित छ । उसलाई झन अविश्वसनिय बनाइरहेको छ ।**

सन् २०००-२०२० को अवधिमा चीनको सबैभन्दा बढी आर्थिक वृद्धिदर राष्ट्रपति हु-भिन्ताओको दश वर्षे कार्यकाल (सन् २००२-२०१२) मा थियो । त्यतिबेला चिनियाँ आर्थिक वृद्धिदरले १४ प्रतिशतको उचाईलाई छोएको थियो । तर सी जिनपिङ राष्ट्रपति भएपछि यो विकासदर द्रुत गतिमा घट्दै गएर कोरोना महामारीको समय सन् २०२० मा २ प्रतिशत रहयो । चीनलाई अमेरिकाको राष्ट्रिय आयलाई उचिन्न आर्थिक वृद्धिदर कमसेकम ५ प्रतिशत चाहिन्छ । सन् २०२०-२०३० को अवधिमा चीन नै अमेरिकालाई उछिनेर विश्वको अग्रिम राष्ट्र हुन्छ भन्ने अनुमान गरिएको थियो, तर आजको स्थितमा चीनले अमेरिकालाई उछिन्न अझै ४० वर्ष लाग्ने अनुमान पनि गरिन्छ । चिनियाँ विकासको जुन प्रचार प्रसार गरिएको थियो त्यो यथार्थ भन्दा कोशौं टाढा पुग्न गएको छ ।

आर्थिक रुपले पनि चीन अब दिवालिया हुने संघारमा पुगेको छ । चीनको गौरव मानिदै आएको चाइना रेल्वे र चाइना एयरवेज पनि घाटामा चलिरहेको आरोप छ र कुनै पनि बेला यो दिवालिया घोषित हुन सक्छ । रियल स्टेटमा चीनले लगानी गरेको ९ ट्रिलियन डलरको लगानी पनि उसको निम्ति अब निरर्थक सावित भइरहेको अवस्था छ । उसले अपेक्षा गरेअनुसारको प्रतिफल हासिल गर्न सकिरहेको छैन । बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गतको १.५ ट्रिलियन डलर लगानीको अवस्था पनि घाटाको कारोबारमा नै सावित भइरहेको अवस्था छ । कतिपयले त चीन ४५ ट्रिलियन डलरको क्षति भोग्नुपर्ने अवस्था आउन सक्ने अनुमान पनि गरिरहेका छन् । केही अघि कतिपयले यस कुरामा टिप्पणी गर्दै थिए कि आखिर चीन किन विश्वका आधा भन्दा बढी खाद्यान्न आफ्नो देशमा किन संरक्षित गरिरहेको छ तर हाल उसित अब ३० प्रतिशत खाद्यान्न मात्रै बाकी रहन गएको छ । एप्पल जस्तो विश्वप्रसिद्ध बहुराष्ट्रिय कम्पनी अब भारततीर आफ्नो कारोबार चलाउने निश्कर्षमा पुगेको छ । चीनमा करिब २ लाख युवा बेरोजगार हुन गएका छन् ।

कोभिड-१९ को संकटबाट विश्व समुदायबाट ग्रसित रहेका बेला सन् २०२० मा चीनले आफ्नो देशका शहरहरुमा शपिङ्गमल, स्वीमिङ्ग पुल र थिएटर लगायतका सार्वजनिक स्थलहरुमा जनताका भिड देखाएर आफ्नो देशलाई कोभिड-१९ को प्रभावले छुन पनि नसकेको संकेत दिन खोजेको थियो तर आजको अवस्थामा एक दिनमा ४० हजार कोभिड पोजिटिभ चीनमा फेला परेको समाचार आइरहेका छन् । आज पुरा विश्व लकडाउनबाट मुक्त रहेको छ जबकि भीनमा सरकारले लागु गरेको कोभिड शुन्य नीतिका कारण कल कारखाना र उद्योग धन्धा त्यहाँ बन्द परेका छन् । जनता घरमा थुनिन बाध्य भएका छन् । लकडाउनका कारण घरबाट निस्केर उपचार गराउन नपाएका कारण एक जना जलेर मरेपछि संघाई क्षेत्रमा जनता हजारौंको संख्यामा सडक प्रदर्शनमा आई सरकारको नीतिको पनि विरोध गरे साथै राष्ट्रपतिको राजीनामा समेत माग गरे ।

बाह्य रुपमा चीनले मित्र भन्दा बढी विरोधी नै कमाएको छ । सन् २०४९ भित्र ताइवानलाई चिनको अभिन्न अंग बनाउने उसको अभियानलाई अमेरिकाले सजिलै सफल हुन दिने छैन । दक्षिण चीन सागर र इण्डो प्यासिफिक क्षेत्रमा चीनले ठुलै चुनौतीको सामना गर्नुपर्नेछ । भारतको बढ्दो आर्थिक र सैन्य प्रभावले दक्षिण एशियामा र पूर्वी एशियामा चीनको बढ्दो प्रभावमाथि रोक लगाइरहेको अवस्था छ । जापान, अष्ट्रेलिया र अमेरिकासितको सहकार्यले चीनलाई थप चिन्तित बनाएको छ । बीआरआई अन्तर्गत दिइएकाकाऋण सजिलै नउठले सम्भावनाले चीलाई समस्याग्रस्त बनाउने छ । सिपीसिमा र देशभित्र सी जिनपिङको प्रभाव तत्कालैत कम छैन। तर आगामी उनको निम्ति पनि चुनौतीपूर्ण हुने निश्चित छ । उसलाई झन अविश्वसनिय बनाइरहेको छ ।

# स्वाभिमानी जीवनका लागि सूर्यको उपाय

**-भरतमणि ज्ञवाली**

ज्योतिषमा सूर्यलाई सबैभन्दा महत्वपूर्ण ग्रह मानिन्छ । ग्रहहरुको राजा हो । राज्य हो, सरकार हो र शासक हो । जीव र जगतमा आत्मा प्रदान गर्ने ग्रह हो । त्यसैले हरेक आत्माको कारक ग्रह सूर्य हो । शरीरमा हड्डीको पनि कारक हुन्छ । हाड बिना मानव जीवन कल्पना गर्न सकिँदैन । यसैले शरीरमा हड्डी र त्यसको बनावट सूर्य हो । तापक्रम बिना शरीर निष्कृय हुन्छ । सूर्यले शरीरको ताप नियन्त्रण गर्छ । मानव जीवनमा सूर्यको महत्व ज्योतिष शास्त्रीय हिसाबले मात्र नभई विज्ञान र चिकित्सा शास्त्रका हिसाबले पनि अग्रस्थानमा आउँछ । सबल शरीर, मान सम्मान, आत्मसन्तुष्टि, स्वाभिमान र नेतृत्वका लागि सूर्यको साथ अनिवार्य हुन्छ । पूर्वीय मान्यताअनुसार सूर्यलाई ग्रहमा अग्रस्थान दिइएको छ । वेद तथा पुराणमा यसलाई सबैभन्दा बलशाली ग्रह मानिएको छ । यसको एक चक्रलाई एक वर्षमा रुपान्तरण गरिएको छ भने ज्योतिष शास्त्रका १२ राशी १२ महिनामा समेटिएको छ । पृथ्वीबाट करिब १५ करोड किलोमिटर टाढा रहेको सूर्यले नै यो जगत्को सञ्चालन र नियन्त्रण गरेको छ । मानव जीवनका प्रत्येक घटनाका कारण पनि सूर्य नै हो ।

सूर्यलाई देवताको राजा भनिएको छ भने यो प्रकृतिको पनि राजा मानिन्छ । यसका बारेमा भविष्य पुराण, मत्स्य पुराण, पद्म पुराण, ब्रह्मा पुराण, मार्कण्डेय पुराण आदिमा विस्तृत वर्णन गरेको पाइन्छ । आदित्य, रवि, दिवाकर, भानु, भाष्कर, सविता, प्रभाकर, अनन्त, दिनकर, आर्क, दिनमानि, सूर्यादि नामले सम्बोधित सूर्य र राशिका आधारमा प्रत्येक महिनाको नामाकरण भएको छ । वेदमा संसारमा जति पनि जीव छन्, तिनीहरुको आत्मा 'सूर्य आत्मा जगत्ः तस्थुषश्च' भनिएको छ । जीव र आत्मा नमिलेसम्म जीवात्मा हुँदैन । हरेक जीवनको केन्द्र आत्मा हो भने आत्माको मूल स्रोत सूर्य हो । पञ्चतत्वमा अग्नि तत्वको मूल स्रोत सूर्य नै हो । मानव जीवनमा क्षमता र दक्षतासँगै सफलताको कारक सूर्यको सकारात्मक प्रभाव जरुरी हुन्छ । यसलाई ज्योतिष शास्त्रले पहिलो प्राथमिकतामा राखेको छ । मानव जीवनमा सूर्यलाई कसरी सकारात्मक बनाउन सकिन्छ भन्ने विषयमा ज्योतिष शास्त्र र वैदिक ग्रन्थहरुमा व्यापक चर्चा गरिएको पाइन्छ । मानव जीवनलाई सफल, सार्थक र समुन्नत बनाउनमा सूर्यको साथ र सहयोग अनिवार्य मानिएको छ ।

संसारमा जीवन उत्पति र सञ्चालनमा महत्वपूर्ण भूमिका खेलिरहेको यो ग्रहले हरेक क्षण ऊर्जा र प्रकाश प्रदान गरिरहेको हुन्छ । ऊर्जा र प्रकाश नहुने हो भने हाम्रो जीवन कल्पनासम्म गर्न सकिँदैन । त्यसैले वैदिक परम्परामा यसलाई भगवानको रुपमा लिइएको छ । भगवान सूर्य सृष्टिका लागि पिता समान मानिएको छ । पिता र प्रकृति बिना जीवन सम्भव नभएकाले ज्योतिषमा यसलाई पिताको कारण ग्रह मानिएको हो । पिताको कारक ग्रह भएकाले यसलाई क्रुर ग्रहका रुपमा



**सूर्य पिताको मात्र नभई पितृहरुको पनि कारक भएकाले हरेक दिन पितृहरुको स्मरण र तर्पणले पनि सूर्यको नकारात्मक फल कम गर्न हुन्छ । हरेक दिन सूर्यलाई अर्घ दिँदा पितृहरुको पनि स्मरण गर्दा पितृकृपा मिल्छ । जसलाई पितृ कृपा मिल्छ, उसलाई कुनै पनि ग्रहजनित दोषले बिगार्न सक्दैन भन्ने शास्त्रीय वचन छ । यति गर्दा पनि सूर्यको नकारात्मक फल कम भएन भने उचित परामर्श लिएर दोष निवारण गर्नु नै उचित हुन्छ ।**

पनि लिइन्छ । किनकि पिता कठोर भइकन पनि सृष्टि र पालनकर्ताको रुपमा चिनिन्छन् । ज्योतिष शास्त्रले सृष्टि र पालककर्तालाई केन्द्रमा राखेर अन्य ग्रहहरुलाई अन्यान्य स्थान सूर्य आत्मा, शरीर, चन्द्र मन, बुध वुद्धि, आदि आदि ।

चर्चा सूर्य कै गरौं । हाम्रो वार्षिक पात्रोमा तीन सय ६० दिन हुन्छ । डिग्रीका हिसाबले पनि तीन सय ६० डिग्री हुन्छ । एक दिनमा एक डिग्री यात्रा तय गर्दा सूर्यले एक वर्षमा ब्रम्हाण्डको एक चक्र पूरा गर्छ । यसको एक डिग्रीको यात्रा नै हाम्रो एक दिन मानिएको छ । त्यसैले हरेक दिन र हरेक समय हरेकका लागि फरकफरक असर कारक हुने गर्छ । ज्योतिष शास्त्रमा राशीको र नक्षत्रका आधारमा यसलाई थप व्यवस्थित गरिएको छ । १२ राशी र २७ नक्षत्रको चक्रभित्र ग्रहहरुको अवस्थाका आधारमा भविष्यवाणी र प्रकृतिको अवस्था अवलोकन हुने गर्छ । ग्रहहरुको असर र तिनीहरुले दिने फलको समय वा काल थाहा पाउन सूर्यको अवस्थाको ज्ञान महत्वपूर्ण हुन्छ । खासगरी नक्षत्र, राशी र ग्रहरुको समष्टिगत अध्ययनमा ग्रहहरुको अंश, कला र विकलालाई आधार मानिन्छ । त्यसैका आधार घटना र परिघटनाको अवलोकन हुन्छ ।

हरेक जीव र जगत्का कुनै पनि वस्तुको ज्योतिषीय गणनाबाट फलकथन सम्भव हुन्छ । यद्यपि, ज्योतिषीले केबल मानवीय जीवनका घटनामा आफूलाई बढी केन्द्रित गरेको पाइन्छ । भविष्यको चिन्ता लिने वा भविष्यप्रति चासो राख्ने मानवीय गुण भएकाले ज्योतिषीहरु पनि त्यसमै मात्र रमाएका हुन सक्छन् तर ज्योतिष केबल मानिसको भविष्य कथनमा मात्र सीमित छैन । यसले समग्र प्रकृतिसँगै स्वयं ग्रहहरुको पनि भविष्य बताउन सक्छ । यी सबै कुराहरुमा समय महत्वपूर्ण पक्ष हो । जुन सूर्यको गति र स्थितिलाई प्रमुख आधार मानिन्छ । यसलाई ज्योतिष शास्त्रले सूर्य सिद्धान्त भनेको छ ।

सूर्यको आफ्नो राशी सिंह हो । यहाँ सूर्यलाई स्वराशिस्थ भनिन्छ भने मेष राशीमा सूर्य उच्चको हुन्छ र तुला राशीमा नीच हुन्छ । जन्म समयमा सूर्य कहाँस्थित छ त्यसकै आधारमा यसको क्षमता र अवस्था हेरी फल कथन या घटना परिघटनाको आँकलन गरिन्छ । उच्च, स्वगृहि, मित्र र सम राशी र भावमा रहेको सूर्य सकारात्मक फल दिने हुन्छ भने शत्रु राशी, भाव र नीच राशीको सूर्य नकारात्मकताको कारक मानिन्छ । महत्वपूर्ण कुरा के हो भने कुनै पनि ग्रह सधैँ नकारात्मक र सधै सकारात्मक भन्ने हुँदैन । यी ग्रहहरुले आफ्नो दशा अन्तरदशा कालमा मात्र फल दिन्छन् । तसर्थ ज्योतिषीय गणनाले मात्र त्यो समय निकाल्न सकिन्छ । यद्यपि, सूर्यको प्रभाव दैनिक जीवनमा पर्ने भएको कमजोर सूर्यलाई विभिन्न ज्योतिषीय उपचारमार्फत् सकारात्मक बनाउँदा लाभदायी हुन्छ ।

सामान्यतया मेष, मिथुन, कर्कट, सिंह, कन्या, वृश्चिक, धनु राशीमा सूर्यलाई सकारात्मक र अन्यमा कमजोर मानिए पनि यो नै अन्तिम निश्कर्ष भने होइन । सूर्यसँग अन्य ग्रहहरुको तालमेल र अन्य ग्रहहरुको अवस्थाको विश्लेषण जरुरी हुन्छ । चन्द्र, मङ्गल र गुरु सूर्यका मित्र मानिन्छन्, शुक्र र शनि शत्रु र बुध न मित्र न शत्रु अर्थात् सम मानिन्छ । मित्र ग्रह वा मित्र ग्रहका राशिमा सूर्य सकारात्मक र शत्रु ग्रह वा ती ग्रहका राशिमा सूर्य नकारात्मक हुने अवस्थासँगै तत्तत् ग्रहहरु कुन अवस्थामा छन् । त्यसले सूर्यको स्वभावमा परिवर्तन ल्याइदिएको हुन्छ । तसर्थ गहन अध्ययनपछि मात्र फल कथन यथार्थ र सार्थक हुन्छ । सूर्य सकारात्मक भएका जातकले जीवनलाई अत्यन्तै उन्नत अवस्थामा जीउन पाउँछन् भने कमजोर भएका बेला जन्म लिने जातकले जीवनमा विभिन्न झमेला व्यहोर्नु पर्ने हुन्छ । आत्मबल कमजोर हुन्छ । शरीर कमजोर हुन्छ । पटकपटक हड्डी कमजोर हुने, सरकारी झमेलामा फस्ने, नेतृत्व गर्न नसक्ने या अरुको दास बन्ने सम्मको अवस्था आउँछ ।

यदि जन्म कुण्डलीमा सूर्य कमजोर छ भने ज्योतिष शास्त्रले विभिन्न उपायहरु दिएको छ । भनिन्छ ज्योतिष केबल फलकथनको विषय होइन । यसले जीवन सकारात्मक बनाउन उत्प्रेरित गर्ने र उपायहरुबाट ग्रहजनित दोष कम गराउने शास्त्र पनि हो । ग्रह दोष कारक छ भने त्यसको नकारात्मक प्रभाव कम गराउन ज्योतिषीय उपायहरुको अवलम्बन जरुरी हुन्छ । जहाँसम्म सूर्य ग्रहले नकारात्मकता दिने अवस्था जन्मकुण्डलीमा छ भने सूर्य मन्त्रको जप, सूर्य गायत्री तथा अवस्था हेरेर हवन, दान या अन्य उपाय अपनाउनुपर्छ । सामान्यतया यदि सूर्य कमजोर छ र नकारात्मकताले दुःख दिएको छ भने यसको अवस्था हेरेर जडीबुटीजन्य पदार्थ, रत्न, रातो कपडा, आदिको प्रयोग या दान गरेर राहत लिन सकिन्छ । तत्काल ज्योतिषीय सल्लाह लिने अवस्था छैन र सूर्यसम्बन्धी समस्या भोगिरहनु परेको छ भने सूर्य मन्त्र- ॐ घृणिः सूर्याय नमः को जप र सूर्यलाई दैनिक अर्घ दिँदा लाभ मिल्न थाल्छ । मन्त्र जाप र अर्घसँगै सूर्य प्रार्थना मन्त्र-जपाकुसुम संकाशम् काश्यपेयम् महाद्युतिम् । तमोऽरिम् सर्वपापघ्नम् प्रणतोऽस्मि दिवाकरम् ॥ यो मन्त्रले प्रार्थना गर्नु अति लाभदायी हुन्छ ।

अन्त्यमा सूर्य पिताको मात्र नभई पितृहरुको पनि कारक भएकाले हरेक दिन पितृहरुको स्मरण र तर्पणले पनि सूर्यको नकारात्मक फल कम गर्न हुन्छ । हरेक दिन सूर्यलाई अर्घ दिँदा पितृहरुको पनि स्मरण गर्दा पितृकृपा मिल्छ । जसलाई पितृ कृपा मिल्छ, उसलाई कुनै पनि ग्रहजनित दोषले बिगार्न सक्दैन भन्ने शास्त्रीय वचन छ । यति गर्दा पनि सूर्यको नकारात्मक फल कम भएन भने उचित परामर्श लिएर दोष निवारण गर्नु नै उचित हुन्छ । अस्तु । (लेखक दक्षिण एशियाली ज्योतिष महासङ्घका सङ्गठन सचिव हुनुहुन्छ)

# राष्ट्रिय राजनीतिको चाबी माओवादीसँग छ : अध्यक्ष दाहाल

कर्णाली । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको राष्ट्रिय राजनीतिको चाबी माओवादीसँग भएको बताउनुभएको छ ।

प्रेस सेन्टर नेपालद्वारा आइतवार ललितपुरमा आयोजित केन्द्रीय पदाधिकारीको पहिलो बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले मुलुकलाई सही दिशातर्फ लैजाने अभिभारा माओवादीसँग रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "माओवादी त्यस्तो राष्ट्रिय शक्ति हो जसलाई हिसाबकिताब नगरी अन्तर्राष्ट्रिय शक्तिले पनि केही गर्न सक्दैन ।'

माओवादीलाई निमिट्यान्न पार्न धेरै शक्ति लागेको बताउँदै उहाँले यसको रक्षा गर्ने दायित्व हामी सबैको भएको जनाउनुभयो । "सरकारमा आलोपालो हुने भन्ने कुरा स्पष्ट नै छ,' उहाँले भन्नुभयो, "६० सिटको कमान्ड गर्ने स्थिति माओवादीसँग छ । हामी जहाँ उभिएका छौँ सरकार त्यही बन्छ ।' यो निर्वाचन अपेक्षित नभएको बताउनुभएका उहाँले खतम भएको देख्न चाहने शक्तिले माओवादीलाई कमजोर बनाउन खोजे पनि स्थिति त्यस्तो नभएको जनाउनुभयो ।

अन्तर्राष्ट्रिय गतिविधिको राम्रोसँग विश्लेषण गरी बहुध्रुवमा गएको विश्व परिघटना र अहिलेको जनमतलाई सही ढङ्गले बुझ्न र मुलुकलाई नयाँ शिराबाट लैजान प्रेस सेन्टरले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अध्यक्ष प्रचण्डले माओवादी आन्दोलनका उपलब्धिहरूको रक्षा र संस्थागतका लागि सूचना तथा सञ्चारमाध्यमबाट मिडिया विषयवस्तु बनाएर त्यसको सही बजारीकरण गर्नसमेत आग्रह गर्नुभयो ।

प्रेस सेन्टर नेपालका संस्थापक अध्यक्ष महेश्वर दाहालले प्रविधिको जति विकास भए पनि सही सामग्री उत्पादन प्रधान कुरा रहेको बताउनुभयो । "हामीसँग श्रम छ तर पूँजी छैन भने सहकारीमार्फत सञ्चारमाध्यम सञ्चालन गर्न जरुरी छ,' उहाँले भन्नुभयो, "यो कोणबाट अगाडि बढ्न सकिए सङ्गठनले जीवन्तता र गतिशीलता पाउँछ ।'

सम्पन्न बैठकमा प्रेस सेन्टरका प्रवास अध्यक्ष ओम शर्मा, केन्द्रीय अध्यक्ष विष्णुप्रसाद सापकोटा, सबै प्रदेश तथा प्रतिष्ठानका इन्चार्ज तथा अध्यक्ष र केन्द्रीय समितिका पदाधिकारीहरूबीच समीक्षात्मक अन्तरक्रिया तथा छलफल भएको थियो ।रासस

# रास्वपामा असन्तुष्टि बढ्दै

**टुडे समाचारदाता**

काठमाण्डु । समानुपातिकतर्फका सांसद चयनको विषयलाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टीभित्र विवाद देखिएको छ । निर्वाचन आयोगमा शनिबार बुझाइएको समानुपातिक तर्फको सांसदको सूचीमा पार्टी सभापति रवि लामिछाने र प्रवक्ता मुकुल ढकालले मनोमानी गरेको भन्दै पार्टीमा विवाद बढेको हो ।




पार्टीको खस आर्य कोटामा प्रवक्ता ढकालले आफ्नी गुरुआमा डा. चन्दा कार्कीको नाम सिफारिस गरेको र आफ्नी कर्मचारी निशा डाँगीलाई सिफारिस गरेको आरोप छ । सो पार्टीका केन्द्रीय सदस्य रहेका गणेश कार्कीले सामाजिक सञ्जालमार्फत पार्टीमा विधि प्रक्रिया उल्लङ्घन भएको दाबी गरेका छन् ।

कार्कीले पार्टीभित्र प्रजातान्त्रिक, लोकतान्त्रिक अभ्यास हुने अवस्था नदेखेको बताए । पार्टीभित्र विरोधको स्वर उठेपनि त्यसलाई पार्टी सभापति लामिछाने र प्रवक्ता ढकालले नजरअन्दाज गरेको र आफूले उठाएको कुरालाई पार्टीले सम्बोधन नगरेको उनले बताए ।

केन्द्रीय सदस्य कार्कीले भने, 'एकजना व्यक्तिबाट निर्णयको जुन लिष्ट आयो त्यसैलाई अन्तिम मान्ने काम भयो । हामीले १२ वटा क्लस्टर बनाएका थियौँ । निर्वाचन आयोगले भनेको ६ वटा क्लस्टरका लागि उप-समूह बनाएर हामीले निर्वाचन गरेका थियौँ । समानुपातिक छान्दा खुलाबाट छान्ने र महिलाको ३३ प्रतिशत पुगेन भने महिला क्लस्टरबाट तानेर भए पनि पुऱ्याउने कुरा भएको थियो ।'

उनले अगाडि भने-'तर अहिले यसअघि हामीले तय गरेको १२ वटा क्लस्टरलाई मान्यता नदिई ६ वटा क्लस्टरलाई मात्र उल्लेख गरियो । अरू कसैको कुरा नसुनी एकलौटी ढंगले निर्णय गरेर सूची आयोगमा बुझाउने काम भयो ।'

उनले पार्टी प्रवक्ता मुकुल ढकालले आफ्नी गुरुआमालाई गुरुदक्षिणा दिएको कुरा हिजो बसेको पार्टीको केन्द्रीय कमिटीको बैठकमा पनि उठेको उनले बताए । यस्तै समानुपातिक सूचीमा समावेश निशा डाँगी प्रवक्ता ढकालको कर्मचारी भएको र सोही आधारमा समानुपातिक सूचीमा समावेश गरिएको उनले बताए ।

उनले भने, 'उहाँहरूको सम्बन्ध हेर्ने हो भने चन्द्रा कार्की उहाँको गुरुआमा हो । कार्कीको घरमै गएर उहाँले समानुपातिकको फाराम भरेर आउनुभएको हो । चन्दा कार्कीले एकपटक पनि पार्टी कार्यालयमा पाइला राख्नुभएको छ भन्नेमा मलाई शंका छ । निशा डाँगी मुकुल ढकालकी कर्मचारी हुन् । ढकाल सरको अफिसमा उहाँले काम गर्नुहुन्थ्यो । निर्वाचनको बेला सहयोग गर्न कर्मचारीहरू चाहिने भएकोले डाँगीलाई कर्मचारीका रूपमा पार्टी कार्यालयमा ल्याउनुभएको थियो ।'

उनले पार्टीमा सुरुमा आशा जगाउने र निस्वार्थ रूपमा पार्टीमा लाग्नेलाई पाखा लगाउने काम भएको उल्लेख गरे । विधिका कुरा गर्नेहरू, परिवर्तनका कुरा गर्नेहरूले नै व्यवहारमा आफ्ना नजिकका मान्छेहरूलाई अवसर दिने पुरानो परम्परागत राजनीतिक विकृतिलाई अपनाएको टिप्पणी गरे ।

उनले भने-'पदमा शक्तिमा पुग्नुभन्दा अगाडि आफूलाई चाहिएको बेलामा सबै ठिक हुन्छ शक्तिमा पुगेपछि आफ्नै निकटकालाई अवसरमा दिने पुरानै चलनको निरन्तरता भयो ।'

कार्कीले पार्टीभित्रको विवादलाई फेसबुकमार्फत सार्वजनिक गर्नुको कारण समेत खुलाए । उनले भने-'मैले फेसबुकमार्फत यो कुरा सार्वजनिक गर्नुको खास अर्थ छ । केही दिन अघि निशा डाँगीले विधि प्रक्रिया मिचिन लाग्यो भनेर फेसबुकमा लेख्नुभएको थियो । मुकुलजीले त्यसमा मेरो समर्थन छ भनेर लेख्नुभयो । फेसबुकमा लेखेको कारण कसैलाई कारबाही गर्ने कि भन्ने कुरा पनि उठेको थियो । तर निशा नानीको खबरदारी हो ठिकै कुरा आयो भनियो । यदि त्यसो हो भने कसैलाई काखा र कसैलाई पाखा गर्न हुँदैन, फेसबुकमा लेखेको कारण कसरी कारबाही हुन्छ त भनेर मैले त्यसकै निरन्तरताका रूपमा पार्टीमा देखिएको समस्या उल्लेख गरेको हुँ ।'

पार्टीभित्र रहेका अन्य व्यक्तिहरू पनि असन्तुष्ट रहे पनि आफूले खुलेर त्यसलाई बाहिर ल्याएको कार्कीले बताए । समानुपातिक सांसद छनौटमा एकलौटी निर्णय लिइएको उनले सुनाए ।

उनले भने, 'बैठकमा समानुपातिक तर्फको सांसद छनोटमा विवाद भएर टुङ्गोमा नपुगेपछि अन्त्यमा सभापतिले आफ्नो अधिकार प्रयोग गरेर ल म निर्णय लिन्छु भनेर पढेर सुनाउनुभयो । सूची पारित भयो भनेर केही साथीहरूले ताली पिट्नुभयो, उहाँ पत्र लिएर निर्वाचन आयोग जानुभयो ।'

केन्द्रीय सदस्यले भनेको कुरा नसुन्ने हो भने पार्टी प्रवक्ता मुकुल ढकाल र सभापति रवि लामिछानेले जे भन्यो त्यही अनुसार पार्टी अगाडि बढ्ने देखेको कार्कीले बताए । उनले भने, 'पार्टीमा अरू कसैले केही सोचे अनुसार अगाडि बढ्नेवाला छैन । प्रवक्ता र सभापतिले जे सोच्छन् त्यही अनुसार पार्टी अगाडि बढ्ने देखेको छु । पार्टीमा उहाँहरूले भनेको कुरामा विमति भए पनि आवाज उठेको नै देखिन मैले । बाहिर आवाज उठाए पनि प्रवक्ता र सभापतिको अगाडि आवाज उठाएको मैले देखेको छैन ।'

पार्टीमा लोकतान्त्रिक विधि प्रक्रियालाई अवलम्बन नगर्ने हो भने त्यसले पार्टीलाई नै असर गर्ने उनले बताए । पाटीभित्रको विवादबारे बुझ्नका लागि हामीले पटक पटक प्रवक्ता ढकालको नम्बरमा फोन गर्दा उनको पिए बताउने व्यक्तिले फोन उठाए । ती व्यक्तिले दिएको उनको निजी भनिएको नम्बरमा फोन गर्दा पनि उनीसँग सम्पर्क हुन सकेन ।

राष्ट्रिय स्वतन्त्र पार्टीले १३ जना समानुपातिक तर्फका सांसदहरू निर्वाचन आयोगमा बुझाएको छ । जुन सूचीमा चिकित्सक पेसामा रहेका व्यक्तिदेखि ग्यालेक्सी टिभीमा काम गर्ने पूर्व कर्मचारी समेत अटाएका छन् ।

# श्रममन्त्रीसमक्ष श्रमिकको गुनासो : क्यानाडा लैजाने भन्दै छ लाख ठगे

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पुनः 'श्रमिकसँग श्रममन्त्री' कार्यक्रम सञ्चालन गरेको छ । हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका कारण स्थगित गरिएको कार्यक्रम आइतवारदेखि पुनः सञ्चालन गरिएको हो ।

मन्त्रालयको कल सेन्टरमार्फत श्रमिकहरूले श्रममन्त्री शेरबहादुर कुँवरलाई प्रत्यक्षरूपमा आफ्ना गुनासा, समस्या र सुझाव राखेका छन् । आजको कार्यक्रममा १० बढी श्रमिकले वैदेशिक रोजगारीमा ठगिएको गुनासो मन्त्रीसमक्ष राखेका थिए ।

मन्त्री कुँवरसँग श्रमिकहरूले सम्झौताअनुसार विदेशमा आफूहरूले तलब सुविधा नपाएको, विदेश पठाउँछु भनेर रु सात लाख ५० हजारसम्म पैसा लिएको गुनासो सुनाएका थिए । संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया, साउदीलगायत देशमा रोजगारीका लागि जाँदा ठगिएको उनीहरूको भनाइ छ । सुर्खेतका एक व्यक्तिले आफूलाई क्यानाडा पठाइदिने भन्दै करिब रु छ लाख ठगेको गुनासो मन्त्रीसमक्ष राखेका थिए ।

श्रमिककै गुनासा र समस्याहरू सुनेपछि मन्त्री कुँवरले वैदेशिक रोजगारीका लागि विदेश जानुपूर्व जान लागेको देश, आफूले गर्ने काम, पाउने सेवासुविधा, पठाउने म्यानपावर वा व्यक्तिका बारेमा राम्ररी बुझ्ने, जानकारी लिने अनि कसैलाई पैसा तिरेको भए त्यसको प्रमाण राख्नेलगायत विषयमा ध्यानु दिनुपर्नेमा जोड दिनुभयो । उहाँले श्रमिकका समस्या र सवालबारे तत्कालै बुझेर समाधानका लागि वैदेशिक रोजगार विभाग र बोर्डलाई निर्देशन दिनुभएको थियो ।रासस

# माओवादी केन्द्रको अलग पहिचान बनाउन प्रचण्डको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पछिल्लो समय नेकपा माओवादी केन्द्रले आफ्नो पहिचान गुमाउँदै गएको टिप्पणी गरेका छन् । उनले पार्टीको अलग पहिचान बनाउनतिर जोड दिनुपर्ने खाँचो औंल्याए । प्रेस सेन्टर नेपालको केन्द्रीय पदाधिकारी बैठकलाई सम्बोधन गर्दै उनले पार्टीको रणनीति, कार्यशैली र पार्टीमा बस्नेहरूको आचरण-व्यवहार यस्तो हुनुपर्छ भनेर ठोस रुपमा विकसित गर्न नसकेको प्रस्ट पारे ।




'माओवादी आन्दोलन अहिले आइडेन्टिटी क्राइसिसमा पर्न थालेको छ,' उनले भने, 'हिजो जसरी माओवादी भनेपछि टाढैबाट चिनिन्थ्यो, हाम्रो कपडा, हामीले खाने खाना, हाम्रा नीतिले छर्लङ्ग देखिन्थ्यो यो माओवादी हो भनेर ।'

जनतासँग घुलमिल हुने, सरल जीवन, कठोर मेहनत गर्ने, आफ्नो पार्टी, नेतालाई माया गर्ने त्यो आइडेन्टीटी हराउँदै अहिले आएर सबै दल उस्तै रहेछन् भन्ने सन्देश प्रवाह भएको उनको भनाइ थियो ।

'जनताले हेर्दा सबै उस्तै जस्तो भयो । सबैको बोली, व्यवहार उस्तै,' उनले भने । आफ्नो पहिचान सुस्पष्ट गर्ने र एउटा परिधिमा रहेकामात्र यो संगठनमा बस्न पाउने व्यवस्था बनाउनुपर्ने उनले बताए । उनले प्रेस सेन्टरका पदाधिकारीलाई युनिक आइडेन्टीटी बनाउनेतिर छलफल, अध्ययन, चिन्तन गर्न पनि सुझाव दिए ।

मिडियामा आक्रामक ढंगले प्रस्तुत नहुने हो भने जनताले विकासका कुरालाई मात्र महत्व नदिने उनको भनाइ थियो । 'नयाँ पुस्तालाई जनयुद्धबारे केही थाहा छैन । प्रशिक्षित गर्न सकेका छैनौं,' उनले भने, 'डिजिटल युगमा छौं, अहिलेका युवाहरुको स्कुललिङ इन्टरनेटबाट हुन्छ । सोसल मिडियामा हाम्रो हस्तक्षेप व्यवस्थित भएन भने हामी प्रतिक्रियावादीलाई काउन्टर दिन सक्दैनौं ।'

उनले सोसल मिडियाका लागि डिजिटल आर्मी तयार गर्नुपर्ने खाँचो पनि औंल्याए । एक्सपर्टका साथसाथै सोसल मिडियामा विशाल फौज चाहिने उल्लेख गर्दै उनले माओवादी केन्द्रसँग भएको जनमत, कार्यकर्ता पंक्तिलाई यसमा प्रयोग गर्न सकिने बताए ।

नेपालको सामाजिक बनावटमा ठुलो परिवर्तन आइसकेको भन्दै उनले विदेशमा रहेका ५०-६० लाख मानिसलाई पनि सही ढंगले समेट्नुपर्ने खाँचो औंल्याए । अहिले देशको राजनीतिमा 'नयाँ हावा' चल्नुमा त्यो जनशक्तिको भूमिका महत्त्वपूर्ण रहेको उनको भनाइ थियो । अर्को चुनावमा कुनै पनि दलसँग तालमेल नगरी जित्ने गरी संगठन बनाउनतिर लाग्नुपर्नेमा पनि उनले जोड दिए ।

# स्थानीय तहले जनउत्तरदायी लोकतान्त्रिक अभ्यासलाई सबलीकरण गरेको छ : प्रम देउवा

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले स्थानीय तहमा नयाँ जनप्रतिनिधिले कार्यभार सम्हालेसँगै यसले मुलुकमा जनउत्तरदायी लोकतान्त्रिक अभ्यासलाई थप सबलीकरण गरेको बताउनुभएको छ ।



गाउँपालिका राष्ट्रिय महासङ्घको तेस्रो महाधिवेशनको उद्घाटन समारोहमा आइतवार उहाँले अबको प्राथमिकता सङ्घीयता र लोकतन्त्रको आधारस्तम्भका रूपमा रहेको स्थानीय सरकारको सबलीकरण गरी नागरिकमा सुशासन र विकासको अनुभूति गराउने हुनुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "संविधानको साझा अधिकारको सूचीमा रहेका केही द्विविधा र अस्पष्टतालाई थप स्पष्ट गर्दै सङ्घीयताको सफल कार्यान्वयनमा अघि बढ्न हामी सबै एकजुट हुन आवश्यक छ, सङ्घीय सरकारले तदारुकता देखाइ प्रदेश र स्थानीय तहलाई क्रमशः कानुन बनाउन तथा कार्यान्वयनमा उतार्न सहजीकरण गर्नुपर्ने खाँचो छ, पुराना कानुनलाई संविधान अनुकूल बनाउन तथा निजामती सेवा, शिक्षा, कृषि, स्वास्थ्यलगायतका विषयगत क्षेत्रका अत्यन्तै महत्वपूर्ण कानुन तत्काल जारी गर्ने प्रयासलाई प्राथमिकता दिनुपर्ने स्थिति छ ।"

स्थानीय तहले संरचनात्मक सुधार, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली, सेवा प्रणालीमा नवीन प्रविधिको प्रयोग, सम्पत्ति र दायित्वबीचको सन्तुलन, सेवाग्राही केन्द्रित योजना, विकेन्द्रीकरण, तालिम एवं अनुसन्धान तथा नयाँ बजारीकरण रणनीति जस्ता सुधारका विधि अवलम्बन गरी अगाडि बढेमा सुशासनलाई स्थानीय तहमा संस्थागत गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो ।

उहाँले सेवा प्रवाहसम्बन्धी कानुन, कार्यविधि, मापदण्ड निर्माण गरी जारी गर्ने र सोहीबमोजिम नागरिक बडापत्र कार्यान्वयनमा ल्याउने, सेवाग्राही र सेवा प्रदायक निकायबीच सुमधुरसम्बन्ध विकास गरे संस्थागत सुशासनमा ठोस योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "हरेक स्थानीय तहमा दिगो विकास लक्ष्यअनुरूपका योजना तर्जुमालाई प्राथमिकता दिएर लक्ष्य प्राप्तितर्फ उन्मुख भएर देशका शिक्षित युवा जनशक्तिलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नु, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय जनतामा बहस, छलफल तथा अन्तरक्रिया हुनु आवश्यक देखिन्छ ।"

उहाँले अपार प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, उपयोग र प्रवर्द्धन, सीपमूलक शिक्षा प्रवाह, वातावरण संरक्षण जस्ता विषयमा स्थानीय सरकारको भूमिका बढाउँदै मुलुकमा व्याप्त गरिबी तथा बेरोजगारीको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

महासङ्घ नेपालभरिका चार सय ६० गाउँपालिकाको छाता सङ्गठन हो । तीन दिनसम्म चल्ने महासङ्घको महाधिवेशन प्रतिनिधिका रुपमा देशभरिका गाउँपालिकाबाट निर्वाचित अध्यक्ष, उपाध्यक्ष र हरेक जिल्लाबाट एक जना वडाअध्यक्ष वा सदस्य रहने व्यवस्था छ । महाधिवेशनबाट पाँच वर्षका लागि ३७ सदस्यीय केन्द्रीय कार्यसमिति निर्वाचित हुने व्यवस्था छ ।रासस

# प्रतिनिधिसभाको समानुपातिकमा कांग्रेसका पुरुषतर्फ तीन जनामात्रै

काठमाण्डु । नेपाली कांग्रेसले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको एक सय १० सिटमध्ये ३२ सिट प्राप्त गरे पनि पुरुष सांसद निर्वाचित गर्न तीन जनाको नाममात्र छनोट गरेको छ ।

प्रत्यक्षतर्फ कुल एक सय ६५ सिटमध्ये कांग्रेसका एक महिलामात्र निर्वाचित हुनुभएको र सङ्घीय संसद्मा महिला प्रतिनिधित्व ३३ प्रतिशत पुऱ्याउनुपर्ने संवैधानिक प्रावधानका कारण समानुपातिकमा पुरुष सङ्ख्या कम छनोट गर्नुपरेको हो ।

कांग्रेस पदाधिकारी बैठकले प्रतिनिधिसभातर्फको समानुपातिक सांसद हुनेहरूको नाम शनिबार टुङ्गो लगाई निर्वाचन आयोगमा बुझाएको सहमहामन्त्री जीवन परियारले जानकारी दिनुभयो । कांग्रेसले प्रतिनिधिसभाको समानुपातिकतर्फ दलित क्लष्टरबाट जीवन परियार, खसआर्यबाट डा प्रकाशरण महत र मधेसीबाट विमलेन्द्र निधिको नाम टुङ्गो लगाएको छ ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कांग्रेसबाट एक जना महिलामात्र निर्वाचित हुनुभएको र राष्ट्रियसभा हाल कांग्रेसका दुई महिला सदस्यमात्र रहनुभएकाले समानुपातिकतर्फ २९ जना महिलाको नाम पठाएको पार्टी कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभामा समानुपातिकतर्फबाट कांग्रेसले खसआर्यबाट अम्बिका बस्नेत, सरिता प्रसाईं, आरजु राणा देउवा, ईश्वरी न्यौपाने, प्रतिमा गौतम, मञ्जु खाँण, रमा कोइराला पौडेल, कान्तिका सेजुवाल, मैना रावल कार्की र डा प्रकाशशरण महतलाई चयन गरेको छ ।

यसैगरी आदिवासी जनजातितर्फ सरस्वती बजिमय, लीलादेवी बोखिम (लिम्बू), सीताकुमारी राना, सुशीला थिङ, सपना राजभण्डारी, माया राई, कुसुम थापामगर, मनोरमा शेरचनको नाम आयोगमा पठाएको छ भने मधेसी क्लष्टरबाट नागिना यादव, मुक्ताकुमारी यादव, चन्दा चौधरी, सङ्गीता मण्डल, नीनुकमारी कर्ण र विमलेन्द्र निधिको नाम पठाइएको छ ।

दलिततर्फबाट शान्ति विक, रुपा विक, सीता मिजार, आशा विक, जीवन परियार चयन हुनुभएको छ भने थारुबाट कल्पना चौधरी र बिनाकुमारी थनेत तथा मुस्लिमबाट जावेदा खातुन जागाको नाम पठाइएको पार्टी कार्यालयले जनाएको छ ।

**अबको प्रक्रिया के हो त ?**

निर्वाचन आयोगले समानुपातिक मतगणना सम्पन्न गरेपछि समानुपातिकतर्फको उम्मेदवार निर्वाचित गर्न दलहरूलाई बिहीबार तीन दिनको समय प्रदान गरेको थियो । शनिबारसम्म सबै दलले समानुपातिकतर्फको उम्मेदवार निर्वाचित गर्न नामावली बुझाएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

आयोगले आइतवार उक्त नामावली उपर जाँच गर्ने, सबै क्लष्टर तथा महिलाको सङ्ख्या पुगे/नपुगेको सम्बन्धमा हेर्ने पौडेलले बताउनुभयो । दलहरूको समानुपातिक सूची केन्द्र र प्रदेश गरी आठ ठाउँमा छ । आयोगले आवश्यक जाँच र दलहरूको तयारीअनुसार सबै कार्य सम्पन्न गरी सम्भवतः सोमबार समानुपातिक सांसदको नामावली सार्वजनिक गर्ने जनाएको छ ।

यी सबै प्रक्रिया सम्पन्न गरी यही मङ्सिर अन्तिमसम्ममा प्रतिनिधिसभाको राष्ट्रपतिलाई र प्रदेशमा सम्बन्धित प्रदेश प्रमुखलाई निर्वाचनको विवरण बुझाउने आयोगको लक्ष्य रहेको प्रवक्ता पौडेलले बताउनुभयो । त्यसपछि नयाँ सरकार गठन र नयाँ संसद् बैठकको तयारी प्रारम्भ हुनेछ ।रासस

# अधिकारकर्मी सम्मानित

विराटनगर । चौहत्तरौँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको अवसर पारेर मानवअधिकार सञ्जाल मोरङले दुई अधिकारकर्मीलाई सम्मान गरेको छ ।

सम्मानित हुनेमा माइती नेपालका प्रदेश नं १ संयोजक विनोद पोखरेल र जागरण नेपालका प्रदेश प्रमुख प्रतीक्षा बस्नेत हुनुहुन्छ । उहाँहरुलाई विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो ।

प्रमुख कोइरालाले अझै पनि विभिन्न खाले मानवअधिकार हननका घटना भइरहेको बताउँदै मानवअधिकार हननका घटना हुन नदिन मानवअधिकारका क्षेत्रमा क्रियाशील सङ्घसंस्थाको सक्रियता आवश्यक रहेको बताउनुभयो ।

मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले सभ्य र समुन्नत समाज निर्माण गर्न मानवअधिकारको घटना हुन नदिन सजग हुनुपर्छ भन्नुभयो । रासस


मधेश प्रदेश सरकार

**प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

**जनकपुरधाम, धनुषा**

**चमेना गृह सञ्चालन सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०७/३०**

**दोश्रो पटक प्रकाशित मिति : २०७९/०८/२६**

यस प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधामको परिसरभित्र रहेको चमेनागृह भवनमा केन्द्रमा कार्यरत कर्मचारी, प्रशिक्षण समयमा सहभागी प्रशिक्षक, प्रशिक्षार्थी एवं सहयोगी कर्मचारीहरुलाई चिया, खाजा, खाना खुवाउन चमेनागृह व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको शर्तहरुको अधिमा रही दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना आव्हान गरिएको छ । यो सूचना सम्बन्धी सम्पूर्ण जानकारी यस कार्यालयको वेवसाईट https://prtc.madhesh.gov.np/ वा यस कार्यालयको सूचना पाटीमा हेर्न हुन अनुरोध छ ।



स्टकहोममा अवार्ड समारोह पछि, नोबेल पुरस्कार २०२२ का विजेताहरूको सम्मानमा शाही भोजमा वेटरहरू मिठाई परेड सुरु गर्दै। *तस्वीर : एएफपी*

# युक्रेनको ओडेसामा १५ लाखभन्दा बढी मानिस अन्धकारमा

**एएनआई**

कीभ । शनिबार युक्रेनको ओडेसामा अन्धकार छाएको छ । किनकि यहाँ ऊर्जा प्रदायक संरचना रुसी आक्रमणबाट प्रभावित भएका छन् । बन्दरगाह शहरका १५ लाखभन्दा बढी मानिस बिजुलीविहीन भएको अल जजीराले उल्लेख गरेको छ ।

युक्रेनकाराष्ट्रपतिभोलोडिमिर जेलेन्स्कीले जनतालाई सम्बोधन गर्दै ओडेसाको बन्दरगाह शहरमा ऊर्जा सुविधा कमजोर भएकाले स्थिति निकै गाह्रो हुँदै गएको बताएका छन् ।

युक्रेनी अधिकारीका अनुसार निरन्तर द्वन्द्वको क्रममा इरानमा निर्मित ड्रोनद्वारा यस क्षेत्रका दुई ऊर्जा सुविधामा आक्रमण भएपछि ओडेसा बिजुलीविहीन भएको हो । अधिकारीका अनुसार शनिबार बिहानको समयमा रूसी आक्रमणले महत्त्वपूर्ण प्रसारण लाइन र मेसिनरीलाई प्रहार गरेको थियो ।

अस्पताल र प्रसूति वार्डलगायत महत्त्वपूर्ण पूर्वाधारमा मात्र बिजुलीको पहुँच रहेको बताइएको छ ।

"अहिलेसम्म शहर बिजुलीविहीन छ,' राष्ट्रपति प्रशासनका उपप्रमुख किरिलो टिमोशेन्कोले मेसेजिङ एप टेलिग्राममा भनेका छन् ।

युक्रेनको सबैभन्दा ठूलो बन्दरगाह शहर ओडेसामा यस वर्षको फेब्रुअरी २४ मा रुसले आक्रमण गर्नुअघि १० लाखभन्दा बढी जनसङ्ख्या थियो । यसैबीच नोभेम्बरमा, दक्षिणी युक्रेनको निकोपोल जिल्लामा रूसले आक्रमण गरेको र स्थिति बिग्रदै गएको जिल्ला सैन्य प्रशासनका प्रमुखले बताएका छन् ।

"करिब ६० गोला र रकेट हतियार शान्तिपूर्ण बस्तीमा खसे,' निकोपोल जिल्लाका प्रशासन प्रमुख येभेन येभतुसेन्कोले टेलिग्राम पोस्टमा उल्लेख गरेका छन् ।

# चीन-अरब रणनीतिक साझेदारी सुदृढ गर्ने सहमति



**एएनआई**

रियाद । चीन र अरब लिगका सदस्य राष्ट्रबीच पारस्परिक सहयोग सुदृढ गर्ने सहमति भएको छ। चीनका राष्ट्रपति सी चिनफिङको साउदी अरबको राजकीय भ्रमणका क्रममा त्यस्तो सहमति भएको हो ।

राष्ट्रपति सीसहित अरब लिगका २१ सदस्य राष्ट्रको सहभागितामा गत शुक्रबार भएको चीन-अरब राष्ट्र शिखर सम्मेलनमा आपसी सहयोग अभिवृद्धि तथा साझा भविष्य निर्माणका निम्ति चीन- अरब समुदायबीच सहयोग सुदृढ गर्ने सहमति भएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ । पहिलोपटक भएको उक्त शिखर सम्मेलनले जारी गरेको रियाद घोषणापत्रमा चीन-अरब राष्ट्रबीच सहयोगका क्षेत्र विस्तार गर्ने, रणनीतिक साझेदारीलाई अझ फराकिलो बनाउन सम्भावनाको खोजी गर्ने तथा चीन-अरब राष्ट्र सहयोग मञ्चको प्रारुपअन्तर्गत आपसी सहयोगलाई सुदृढ तुल्याउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

एकचीन सिद्धान्तको पालना, ताइवान चीनको अविभाज्य भूभाग भएको वास्तविकताप्रति दृढ समर्थन चीनको सार्वभौमिकसत्ता र क्षेत्रीय अखण्डताको रक्षाका खातिर सहयोग गर्नेमा पनि घोषणापत्रमा विशेष जोड दिइएको छ ।

सिरिया, लिबिया र यमनलगायत क्षेत्रीय सङ्कटको राजनीतिक समाधान अन्तर्राष्ट्रिय सम्झौता र सिद्धान्तका आधारमा गर्न क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय प्रयास हुनुपर्नेमा चीन र अरब लिगका नेताहरूले आह्वान गरेका छन् ।

शिखर सम्मेलनमा सहभागी नेताले युक्रेन सङ्कटको राजनीतिक समाधान खोजिनुपर्नेमा जोड दिँदै राष्ट्रसङ्घीय बडापत्रका सिद्धान्त, राष्ट्रिय सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताकामूल्यमान्यताअनुसार शान्तिसुरक्षा कायम गर्ने वैश्विक प्रयासमा समर्थन गर्ने बताएका छन् ।

# हङकङको कानुनी व्यवस्थाविरुद्ध नलाग्न चीनको आह्वान

**सिन्ह्वा**

हङकङ । चीनले अमेरिकालाई हङकङको कानुनी व्यवस्थाविरुद्ध नलाग्न आह्वान गरेको छ । मानवअधिकारका नाममा हङकङ विशेष प्रशासनिक क्षेत्रलाई गरिने गैरजिम्मेवारपूर्ण टिप्पणी बेइजिङलाई अमान्य हुने उसले दोहोऱ्याएको छ ।



हङकङमा मानव अधिकारको स्थिति र विधिको शासनलाई लिएर अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता तथा केही अमेरिकी विधायकले गरेको गैरजिम्मेवार पूर्ण टिप्पणीप्रति आपत्ति जनाउँदै चिनियाँ विदेश मन्त्रालयको आयुक्तको कार्यालयले आइतबार जिमी लाइको ठगी मुद्दा कानुनमा आधारित निर्णय भएको स्पष्ट गरेको छ ।

कानूनको शासन हङकङको समृद्धि र स्थायित्वको आधारशिला भएको स्पष्ट गर्दै हङकङ अदालतले जिमीविरुद्धको मुद्दामा गरेको सुनुवाइ पूर्णतया वैधानिक एवम् पारदर्शी रहेको आयुक्तको कार्यालयका प्रवक्ताले बताएका छन् ।

"कानुनभन्दा माथि कोही पनि हुँदैन, जिमी लाइको ठगी मुद्दामा प्रमाण स्पष्ट छ, त्यो आपराधिक मुद्दा हो, ' हङकङमा चीन विरोधी शक्तिलाई समर्थन नगर्न सुझाउँदै प्रवक्ताले भनेका छन् ।

निष्पक्षता, न्याय र विधिको शासनका निम्ति आफू अग्रपङ्क्तिमा रहेको दाबी गर्ने अमेरिकाले अपराधीलाई मानवअधिकारका नाममा संक्षरणको प्रयास गर्नु दुर्भाग्यपूर्ण भएको टिप्पणी उनले गरेका छन् । साथै उनले चीनको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न आह्वान पनि गरेका छन् ।रासस

## जर्सी टापुमा विस्फोटः
# तीन जनाको मृत्यु, दर्जनौं बेपत्ता

**एएनआई**

सेन्ट हेलियर । शनिबार जर्सीको च्यानल टापुको एक अपार्टमेन्ट भवनमा विस्फोट हुँदा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने एक दर्जन बेपत्ता भएका छन् । सीएनएनले उक्त टापुका मुख्यमन्त्री क्रिस्टिना मूरलाई उद्धृत गर्दै घटना बारे जनाकारी गराएको हो ।

स्थानीय समय अनुसार बिहान ४ बजे मात्रै घटनाबारे स्थानीय प्रहरीलाई खबर गरिएको थियो । राज्यका जर्सी प्रहरीका प्रमुख अधिकारी रोबिन स्मिथले घटनाबारे प्रहरीलाई खबर गरेपछि आपतकालीन सेवाहरूले घटनास्थलमा पुगेर उद्धार कार्य अगाडि बढाएको जानकारी दिए । उक्त तीन तले भवन "पूर्ण रूपमा भत्किएको" र वरपरको दृष्य हृदयविदारक देखिएको थियो ।

बेपत्ताको खोजी र उद्धारकार्य तीव्र बनाइएको स्मिथले बताएका छन् । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# सु हुइ ताइवान डेमोक्रेटिक सेल्फ गभर्नमेन्ट लिगको अध्यक्ष निर्वाचित

**सिन्ह्वा**

बेइजिङ । ताइवान डेमोक्रेटिक सेल्फ गभर्नमेन्ट लिग (टीडिएसएल) को केन्द्रीय समितिको अध्यक्षमा सु हुइ निर्वाचित हुनुभएका छन् ।

करिब तीन हजार ४०० सदस्य भएको गैर-कम्युनिष्ट राजनीतिक पार्टी टीडिएसएलले बेइजिङमा ११ औं राष्ट्रिय महाधिवेशन सम्पन्न गरेपछि यो निर्णय घोषणा गरिएको हो।

सु चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलनको राष्ट्रिय समितिको उपाध्यक्ष पनि हुन् ।

# विश्वकपबाट एक महान् फुटबलरको पीडादायक बिदाइ

एजेन्सी

कतार । शनिबार मोरक्कोविरूद्धको क्वार्टरफाइनल खेल हारेपछि पोर्चुगलका रोनाल्डो। तस्बिरः एपी। शनिबार मोरक्कोविरूद्धको क्वार्टरफाइनल खेल हारेपछि पोर्चुगलका रोनाल्डो। तस्बिरः एपी।

त्बतब दयह ज्ञीबह्रुष दबलपभ्खभचथनजबच

शनिबार कतारको अल थुमामा रंगशालामा विश्वकप फुटबल प्रतियोगिताको इतिहासमा यसअघि कहिल्यै नभएको घटना भयो। विश्वकप फुटबल प्रतियोगितामा पहिलो पटक कुनै अफ्रिकी तथा अरब मुलुक सेमिफाइनल खेल्ने भयो।

आन्ध्र महासागर र भूमध्य सागरसँग जोडिएको उत्तर अफ्रिकी मुलुक मोरक्कोले फुटबलमा रचेको इतिहासले अफ्रिका र अरब संसारमा खुसी हुने नयाँ बहाना दियो। रंगशालामा उपस्थित मोरक्कोका हजारौं समर्थक र मैदानमा रहेका खेलाडी र प्रशिक्षकले उत्सव मनाए।

त्यो उत्सव र खुसीका बीचमा एउटा मान्छे भावुक भएर मैदानबाट निस्कियो। सम्हाल्दा-सम्हाल्दै उसले आफूलाई थाम्न सकेन र टनेलमा जोडिएका क्यामेरामा उसले आँशु पुछ्दै हिँडिरहेका दृश्य कैद भए।

भावविह्वल भएर मैदान छोडेका ती खेलाडी समकालीन विश्व फुटबलका महान् खेलाडी क्रिष्टियानो रोनाल्डो थिए। उनी स्वयं र उनका समर्थकले विश्वकपबाट रोनाल्डोको बिदाइको क्षण यस्तो होला भन्ने सायदै कल्पना गरेका थिए।

सन् १९८५ फेब्रुअरी ५ मा जन्मिएका रोनाल्डोको बच्चैदेखि फुटबलमा लगाव थियो।

पोर्चुगलको क्लब स्पोर्टिङ लिस्बनसँग २००३ को अगस्टमा एक मैत्रीपूर्ण खेल हुँदा म्यान्चेस्टर युनाइटेडका सबै खेलाडी रोनाल्डोको खेल देखेर मन्त्रमुग्ध भएका थिए।

फर्कँदा जहाजमै उनीहरूले म्यान्चेस्टर युनाइटेडका प्रशिक्षक एलेक्स फर्गुसनलाई ' यो केटोलाई जसरी पनि हाम्रोमा ल्याऔं' भनेका थिए रे। त्यसको केही समयमै १८ वर्षीय रोनाल्डोलाई युनाइटेडले किनेको थियो। त्यसपछि उनको फुटबल करियर निरन्तर उकालो लाग्यो।

इंग्लिस फुटबलर डेभिड बेकह्याम युनाइटेडका प्रशिक्षक फर्गुसनसँग झगडा परेर रियल म्याड्रिड गएपछि उनको प्रख्यात ७ नम्बर जर्सी अठार वर्षीय त्यही ठिटो रोनाल्डोलाई दिइएको थियो। युनाइटेडको इतिहासमा विभिन्न कालखण्डमा महान् खेलाडीहरूले लगाएको जर्सी नम्बर ७ रोनाल्डोलाई दिँदा धेरैले उडाएका थिए। तर त्यसपछिका ६ वर्षमा उनले त्यो जर्सीका लागि आफू योग्य भएको मात्र सावित गरेनन्, युनाइटेडको इतिहासकै सबैभन्दा उत्कृष्ट खेलाडी बनेर देखाए।

सुरू-सुरूमा उनी नचाहिने गरी विपक्षी खेलाडीहरूलाई छक्याएर प्रशिक्षक र खेलाडीलाई मात्र नभएर दर्शकलाई पनि दिक्दारी लगाउने शैली भएका रोनाल्डो कडा मिहिनेत गरेर आफ्नो खेललाई उच्च स्तरको बनाएका थिए। २००६ सम्ममा उनी युनाइटेड प्रमुख खेलाडीहरूमध्ये भइसकेका थिए।

त्यही वर्ष भएको विश्वकपको क्वार्टरफाइनल खेलमा युनाइटेडबाटै खेल्ने इंग्ल्यान्डका युवा स्ट्राइकर वेन रूनीलाई रातो कार्ड दिलाएपछि युनाइटेडमात्र नभएर सारा इंग्ल्यान्डका समर्थकहरू उनीसँग क्रोधित भएका थिए। रूनी रातो कार्ड पाएर बाहिरिँदै गर्दा रोनाल्डोले आँखा झिम्क्याएको दृश्यले आगोमा घ्यु थपेको थियो।

उनी स्वंयले पनि त्यसपछि म्यान्चेस्टर युनाइटेडमा आफ्नो खेल जीवन सकिएको महशुस गरेका थिए। तर फर्गुसनले रूनी र रोनाल्डोको सुलह गराएर रोनाल्डोलाई क्लबमै रहने वातावरण मिलाएका थिए।

त्यसपछि रूनी र रोनाल्डोको जोडीले युनाडेटलाई लगातार तीन पटक प्रिमियर लिग र एउटा च्याम्पियन्स लिगको उपाधि दिलाएका थिए।

सानैदेखि स्पेनिस क्लब रियल म्याड्रिडबाट खेल्ने सपना बोकेका रोनाल्डो सन् २००९ मा त्यतिबेलाको सबैभन्दा महंगो मूल्यमा म्याड्रिड गए। म्यान्चेस्टर युनाइटेडका लागि अन्तिम सिजनमा गरेको उत्कृष्ट प्रदर्शनका लागि फिफा वर्ष खेलाडी बनेका रोनाल्डोको करियर म्याड्रिड गएपछि नयाँ उचाइमा पुग्यो। म्याड्रिडको चीर प्रतिद्वन्द्वी बार्सिलोनामा उदाइरहेका उनीभन्दा दुई वर्ष कान्छा लियोनल मेसीसँगको प्रतिस्पर्धाले उनको खेल कौशल अझ निखाऱ्यो।




शनिबार मोरक्कोविरूद्धको क्वार्टरफाइनल खेल हारेपछि पोर्चुगलका रोनाल्डो। *तस्बिरः एपी*

इतिहासकै सबैभन्दा उत्कृष्ट क्लब टोली मानिएको त्यतिबेलाको बार्सिलोनासँग रोनाल्डोको म्याड्रिडले दोस्रोमा चित्त बुझाउनु परे पनि व्यक्तिगत प्रदर्शनमा रोनाल्डोले मेसीलाई टक्कर दिइरहे।

बार्सिलोनाले लिगमा अधिपत्य जमाइरहेका बेला रोनाल्डोले म्याड्रिडलाई दुई पटक लालिगाको उपाधि दिलाएका छन्। तर रोनाल्डोको उत्कृष्ट प्रदर्शनमा च्याम्पियन्स लिगमा भने म्याड्रिडले बार्सिलोनालाई पछि पार्दै आएको थियो।

रोनाल्डोले म्याड्रिडमा हुँदा चार वटा च्याम्पियन्स लिग उपाधि दिलाएका छन् र म्यान्चेस्टर युनाइटेडमा हुँदा जितेको एकसहित उनी पाँच वटा च्याम्पियन्स लिग उपाधि जितेका छन्।

च्याम्पियन्स लिगमा रोनाल्डोले सबैभन्दा बढी १४० गोल र ४२ गोल एसिस्ट गरेका छन्।

बेकह्यामको स्थान दाहिने विंगबाट सुरू गरेका रोनाल्डो युनाइटेडबाट खेलेका पछिल्ला सिजनहरूमा उत्कृष्ट गोलकर्ता पनि बनेका थिए। म्याड्रिड गएपछि बिस्तारै उनी विंगरबाट स्ट्राइकरमा परिणत भए। म्याड्रिडमा हुँदा उनले अपत्यारिलो २९२ खेलमा ३११ गोल हानेका छन्।

पेलेका समकालीन युसेबियोले सन् १९६६ मा पोर्चुगललाई विश्वकपको तेस्रो स्थान दिलाएपछि पोर्चुगल विश्व फुटबलमा औसत टोलीमात्र रह्यो। लुइस फिगो, रूइकोस्टालगायतका पोर्चुगलको गोल्डेन जेनेरेसनका खेलाडीले पोर्चुगललाई फेरि विश्वकप फुटबलको मानचित्रमा स्थापित गरे।

सन् २००२ मा कोरिया र जापानमा भएको विश्वकपमा पोर्चुगल कोरियासमेत रहेको समूह डीबाट अघि बढ्न सकेन। त्यसपछि उदाएका रोनाल्डोले फिगो र रूइकोस्टाको विरासतलाई साथ दिएर पोर्चुगललाई मजबुद् बनाए। घरेलु मैदानमा भएको २००४ को युरो कप रोनाल्डोको पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता थियो। त्यसमा फाइनलसम्मको यात्रा तय गरेको पोर्चुगल फाइनलमा औसत टोली ग्रिससँग स्तब्ध भयो। उपाधि नजिते पनि उक्त प्रतियोगितामा रोनाल्डोको प्रदर्शन विश्वभरिका फुटबल प्रेमीको नजरमा पऱ्यो।

२००६ को विश्वकपसम्म आइपुग्दा रोनाल्डो फिगोलाई पछि पार्दै पोर्चुगलका स्टार खेलाडी बनिसकेका थिए। त्यसपछि फिगो र गोल्डेन जेनेरेसनका अरू खेलाडीले संन्यास लिएपछि रोनाल्डो एक्लैले औसत पोर्चुगललाई अन्तर्राष्ट्रिय प्रतियोगितामा दाबेदार टोलीका रूपमा अघि बढाए।

पोर्चुगलबाट राम्रो खेले पनि उनको प्रदर्शन म्याड्रिडबाट खेलेजस्तो राम्रो रहेन र उनले सन् २०१६ सम्म पोर्चुगललाई कुनै पनि उपाधि दिलाउन सकेनन्।

२०१६ पछि भने रोनाल्डोको देशका लागि प्रदर्शनले गति समात्यो र झन्डै म्याड्रिडकै तहमा उनले पोर्चुगलका लागि खेले।

सुरूका १२५ खेलमा उनले पोर्चुगलका लागि ५६ गोलमात्र गरेका रोनाल्डोले जुन २०१६ पछिका ६७ खेलमा पोर्चुगलका लागि ६२ गोल हाने। त्यही वर्ष जुनमा भएको युरो कपको उपाधि पनि पोर्चुगलले जित्यो।

सन् २०१६ पछि अन्तर्राष्ट्रिय फुटबलमा सबैभन्दा धेरै गोल हान्ने रेकर्ड आफ्नो नाममा पारेका छन्।

क्लबमा सर्वोत्कृष्ट प्रदर्शन र पाँच पटक बालेन डोर जितेका रोनाल्डोले विश्वकपको ट्रफीबाहेक फुटबल दुनियाँमा पाउन अरू केही बाँकी थिएन। उनको खेल जीवनको अन्तिमतिर भइरहेको यसपालिको विश्वकप उनको सपना पूरा गर्ने अन्तिम मौका थियो।

यसपालिको विश्वकप सुरूदेखि नै रोनाल्डोले चाहेजस्तो भइदिएन। समूह चरणमा सबै खेल खेलेका उनले घानाविरूद्धको पहिलो खेलमा पेनाल्टीबाट एक गोल पनि हाने। त्यो गोलसँगै पाँच वटा विश्वकपमा लगालग गोल गर्न पहिलो पुरूष खेलाडी बनेका थिए।

उरूग्वेसँगको दोस्रो खेलमा ५४ औं मिनेटमा आफूले हेडिङबाट गोल गरेको ठानेर रोनाल्डोले सेलिब्रेट गरेका थिए। तर फिफाले रोनाल्डोले उक्त बल नछोएको रूलिङ गर्दै उक्त गोल बुर्नो फर्नान्डेजका नाममा दिएको थियो।

दक्षिण कोरियाविरूद्धको समूह चरणको अन्तिम खेलमा पोर्चुगलका प्रशिक्षक फर्नान्डो सान्तोसले रोनाल्डोलाई ६५ औं मिनेटमा निकाले। त्यसपछिरोनाल्डोकोव्यवहारकाकारण उनलाई स्विट्जरल्यान्डविरूद्धको प्रिक्वार्टर फाइनल खेलमा बेन्चमै राखियो। उनको ठाउँमा आएका २१ वर्षीय गोन्सालो रामोसले ह्याट्रिक गरे भने ७३ औं मिनेटमा मैदानमा प्रवेश गरेका रोनाल्डोले गोल गर्न सकेनन्।

मोरक्को विरूद्धको क्वार्टरफाइनलमा पनि रोनाल्डो सान्तोसका पहिलो रोजाइका खेलाडी बन्न सकेनन्।

पहिलो हाफमा एक गोलले पछि परेपछि सान्तोसले ५१ औं मिनेटमा रोनाल्डोलाई मैदानमा उतारे। मैदानमा पसेपछि रोनाल्डोले राम्रो प्रदर्शन गरे पनि यो प्रतियोगिताभर विपक्षीलाई एक गोल पनि हान्न नदिएको (क्यानडाविरूद्ध समूह चरणको खेलमा एक आत्मघाती गोलबाहेक अरू गोल खाएको छैन) मोरक्कोको अभेद्य रक्षापंक्ति पार गरेर खेल आफ्ना पक्षमा पार्न सकेनन्।

जसै खेलको समय घर्किंदै थियो, रोनाल्डोको अनुहारमा तनाव झनै बढ्दै गएको देखिन्थ्यो। समय सकिएपछि उनी मैदानमा धेरै रहेनन्। अघिल्लो दिन क्वार्टरफाइनलबाट बिदाइ भएका ब्राजिलका सुपरस्टार नेइमार मैदानमै रोएको घटनाले विश्वव्यापी चर्चा पाएकाले हुन सक्छ रोनाल्डो आँसु नझारीकनै मैदानबाट ड्रेसिङ रूम छिर्न टनेलतिर लागे। टनेलमा भने उनले आँखामा टिल्पिलाएका आँसु थाम्न सकेनन्।

अन्तर्राष्ट्रिय फुटबलबाट औपचारिक रूपमा संन्यास घोषणा नगरे पनि आगामी फेब्रुअरीमा ३८ वर्ष पुग्ने रोनाल्डो आउने विश्वकपमा सायदै मैदानमा हुने छन्। पाँच विभिन्न विश्वकपमा ८ गोल गरे पनि नकआउट चरणमा एक गोल पनि आफ्नो नाममा पार्न नसकेको कुरा रोनाल्डोलाई सधैंभरि खट्किन सक्छ।

विश्व फुटबलका यी महान् खेलाडीको यो बिदाइको क्षण रोनाल्डोका लागि मात्र होइन संसारभरि रहेका उनका समर्थकका लागि पनि पीडादायी बन्यो।

# वित्तीय सहकारी ऐन मस्यौदा गर्न अभियानकर्मीको माग



दोलखा । देशभर बढिरहेका सहकारीमध्ये वित्तीय कारोबार अर्थात् बचत तथा ऋणका क्षेत्रमा काम गर्ने संस्था बढी भएकाले यससम्बन्धी छुट्टै कानुन निर्माण गरिनुपर्नेमा जोड दिइएको छ।

काठमाडौँस्थित समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले शुक्रबारदेखि दोलखाको सदरमुकाम चरीकोटमा आयोजना गरेको 'सुशासनको प्रवर्द्धनमा सहकारी संस्थाको सञ्चालन र व्यवस्थापन' विषयक दुईदिने कार्यशाला गोष्ठीमा सहभागीले सहकारी ऐन र नियमावलीले सबैखाले सहकारीका विषयमा व्यवस्था गरे पनि पर्याप्त नभएकाले वित्तीय सहकारी ऐन मस्यौदा गरिनुपर्नेमा जोड दिएका हुन्।

स्थानीय नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेडका वरिष्ठ अधिकृत नवीनराज दाहाल वित्तीय सहकारीमा सुशासन प्रवर्द्धनका लागि छुट्टै वित्तीय सहकारी ऐन मस्यौदा गरि नुपर्ने आवश्यकता रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "एकसय वित्तीय सहकारीमका सिद्धान्त परीक्षण गर्दा कुनैले पनि ४० अङ्क ल्याएनन्, यो परीक्षामा सबै अनुत्तीर्ण भए, यसैले वित्तीय सहकारी व्यवस्थापनका लागि छुट्टै कानून निर्माण गरी कार्यान्वयनका लागि अनुगमन गर्न जरुरी छ।"

वित्तीय सहकारीमा अहिले पनि प्रष्ट माइन्युट लेख्न नसक्ने, सहकारी ऐनलाई टेकेर विनियम बनाउन नसक्ने जनशक्ति रहेको अनुगमनका क्रममा भेटिने गरेको अनुभव सहकारी अभियानकर्मीको छ। वित्तीय सहकारीमा स्पष्ट कानुन अभाव र भएका कानुन पनि पालना हुन नसक्दा समस्या आउने गरेको छ।

समस्यामा जान लागेका सहकारीलाई व्यवस्थापन गर्न सहयोग पुग्नेगरी सहकारी ऐन, २०७४ मा भएको व्यवस्थाबमोजिम सहकारी कर्जा सूचना केन्द्र, ऋण असुली न्यायाधीकरण र बचत तथा कर्जा सुरक्षण कोष तत्काल स्थापना गरिनुपर्नेमा पनि सहकारी अभियानकर्मीले जोड दिँदै आएका छन्। ऐन आएको पाँच वर्षसम्म पनि यी व्यवस्था कार्यान्वयन हुन सकेको छैन। पाँच वर्षअघि नै बनेको कानुनमा व्यवस्था भएबमोजिमका व्यवस्था कार्यान्वयन गरिएको भए राजधानीलगायत ठूला सहरका सहकारीमा देखापरेको समस्यामा कमी आउने थियो भन्नुहुन्छ सहकारी अभियानकर्मी गोविन्द काफ्ले।

वित्तीय सहकारीलाई समस्याग्रस्त हुनबाट जोगाउन वित्तीय स्तरीकरण र स्थिरीकरण कोष निर्माण गरि नुपर्ने आवश्यकता छ। वित्तीय कारोबार गर्ने सहकारीले सहकारी ऐन, २०७४ को दफा १४ र सहकारी नियमावली २०७५ को दफा ८ अनुसार ऋण असुल गर्नुपर्ने बताउनुहुन्छ चरीकोटको जनचेतना बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नवराज दाहाल। आर्थिक र राजनीतिक अस्थिरताले ऋण असुलीमा समस्या हुने गरेको उहाँको भनाइ छ।

सहरी क्षेत्रका सहकारीले सरकारलाई बुझाउने र शेयर सदस्यलाई बुझाउने लेखापरीक्षण प्रतिवेदन फरक बनाउने गर्दा पनि समस्या आउने गरेको छ। सदस्य नियन्त्रित अवधारणाबाट सहकारी संस्था चल्नुपर्नेमा शेयर सदस्यलाई गुमराहमा राख्ने र शेयर एवं सञ्चालक सदस्यलेसमेत आवश्यकताअनुसार चासो नलिँदा वित्तीय सहकारी संस्थामा समस्या आउने गरेको छ।

लामो समयदेखि सहकारी अभियानमा सक्रिय एवं राष्ट्रिय सहकारी महासङ्घबाट समस्याग्रस्त सहकारी समितिमा प्रतिनिधित्व गर्नुभएका सञ्चालक सदस्य डिबी बस्नेत लेखापरीक्षण प्रतिवेदनमा आम्दानी नदेखाउने तर शेयर सदस्यलाई १५ प्रतिशत लाभांश बाँड्ने गरेको भेटिएको बताउनुहुन्छ। बचत तथा ऋण सहकारी संस्था धेरै भएकाले तिनको एकीकरण (मर्जर) मा जोड दिँदै अहिलेलाई दर्ता बन्द गराउन महासङ्घले माग गर्दै आएको उहाँ उल्लेख गर्नुहुन्छ।

सहकारिताका लागि नभई ऋण लिने उद्देश्यका लागि मात्र सहकारीको सदस्य बन्नेक्रमसमेत बढ्न थालेको छ। विनाप्रक्रिया ऋण लेनदेन गर्दा सहकारी समस्यामा पर्ने गरेका छन्। भीमेश्वर नगरपालिकाकाप्रमुखप्रशासकीयअधिकृत शिशिर पौडेल सहकारीले बचतमा दिने र लगानीमा लिने ब्याजदरमा धेरै अन्तर पाइने गरेको बताउनुहुन्छ। यसको अनुगमनका लागि छुट्टै निकाय नभएको उल्लेख गर्दै उहाँ नगरपालिकामा जनशक्तिको अभावमा अनुगमन गर्न नसकिएको स्वीकार गर्नुहुन्छ।

वित्तीय सहकारीले उत्पादन गर्ने वास्तविक किसानभन्दा ठूला व्यापारीलाई मात्र ऋण दिने गरेका छन्। सहकारीको मूल्य, मान्यता र मर्मअनुसार नचल्दा अधिकांश सहकारीमा समस्या आउने गरेको छ। तामाकोसी गाउँपालिकामा सहकारी शाखा हेर्नुहुने पवन फुयाँल डिभिजन सहकारी कार्यालयबाट पालिकालाई हस्तान्तरण भई आएका ६० सहकारीमध्ये गाउँपालिकामा ३० वटामात्र भेटिएको बताउनुहुन्छ। बाँकी ३० सहकारी कहाँ छन् भन्ने कुरा नियमन गर्ने स्थानीय सरकारलाई अझै थाहा छैन।

तामाकोसी गाउँपालिकाले जिल्लामा मात्र नभई धेरै स्थानीय सरकारलाई नमूना हुनेगरी सबै सहकारीको अवस्थाका बारेमा अध्ययन गरी श्वेतपत्र नै जारी गरेको छ। यसरी खोज्दा पनि पहिले डिभिजन सहकारी कार्यालयमा दर्ता भएका आधा सहकारी भने गाउँमा भेटिएका छैनन्। खल्तीमा रहेका यी सहकारीबाट कति जनता ठगिए भन्ने गुनासो भने अहिलेसम्म स्थानीय सरकारसम्म आइसकेको छैन।

सहकारीमा समस्या आउन नदिन समितिले सुशासन प्रवर्द्धनसम्बन्धी चेतनामूलक कार्यक्रम गरिरहेको छ। सहकारीलाई समस्या हुन नदिइ सुशासन प्रवर्द्धनका लागि यस्ता जागरणमूलक कार्यक्रम आयोजना गरिएको समितिका अध्यक्ष काशीराज दाहाल जानकारी दिनुहुन्छ। दोलखाका सहकारीमा सुशासनको अवस्था सन्तोषजनक पाइएको उहाँ सुनाउनुहुन्छ।

"उत्पादन वृद्धि, रोजगारी सिर्जना र नेपालीको जीवनस्तर उकास्न सहकारी आवश्यक छ, उदारवादी लोकतान्त्रिक शासन व्यवस्थामा सरकारले मात्र सबै काम गर्न सक्दैन, यसैले सहकारीको आवश्यकता छ, अन्तर्राष्ट्रिय जगत्मा पनि नेपालको सहकारी अभियान राम्रो छ भन्ने सन्देश दिने गरी काम गर्नुपर्छ, सरकारले समेत तीन खम्बे अर्थ नीतिको महत्वपूर्ण अङ्गका रुपमा सहकारीलाई स्वीकार गरेकाले यसको विकल्प छैन, सहकारीको विकल्प सुधारिएको सुशासनयुक्त सहकारी नै हो", अध्यक्ष दाहाल भन्नुहुन्छ।

सहकारीमा समस्या आउन नदिन सातै प्रदेशमा चेतना फैल्याउने गरी समितिले सुशासन प्रवर्द्धनसम्बन्धी कार्यक्रम गर्न लागेको छ। चालू आर्थिक वर्षमा बागमती प्रदेशमा सहकारीमा सुशासन प्रवर्द्धनसम्बन्धी दुई वटा कार्यक्रम सम्पन्न गरिएको समितिको सदस्य-सचिवसमेत रहनुभएका कार्यालय प्रमुख केशवप्रसाद पौडेलले जानकारी दिनुहुन्छ।रासस

# सुनको मूल्य प्रतितोला एक लाख पाँच सय

काठमाण्डु। नेपाली सुनचाँदी बजारमा आइतवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु दुई सयले बढेर रु एक लाख पाँच सय पुगेको छ। अघिल्लो दिन प्रतितोला रु एक लाख तीन सयमा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार आइतवार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९९ हजार आठ सय थियो।

त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा आइतवार प्रतितोला रु १०ले बढेर रु एक हजार चार सय पुगेको महासङ्घले जनाएको छ।

**किन हुन्छ सुन चाँदीको मूल्य घटबढ ?**

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष मणिकरत्न शाक्यका अनुसार नेपाली बजारमा सुन तथा चाँदीको मूल्य घटबढ हुनुमा अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीको मूल्यमा हुने उतारचढाव प्रमुख कारण रहेको बताउनु हन्छ।

"सुनचाँदीको अन्तर्राष्ट्रिय बजारको कारोबार मूल्य र डलरमा हुने घटबढका आधारमा नेपाली बजारमा सुनचाँदीको मूल्य तोकिने गरेको छ", अध्यक्ष शाक्यले भन्नुभयो। हाल अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस एक हजार सात सय ९७ दशमलव ३५ डलरमा कारोबार भइरहेको छ।रासस

# नेप्सेमा उच्च अङ्कको गिरावट

काठमाण्डु। यो साता कारोबारको पहिलो दिन आइतवार पुँजीबजारमा उच्च अङ्कको गिरावट देखिएको छ। आइतवार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३१ दशमलव ९७ अङ्कले घटेर एक हजार आठ सय ८५ दशमलव ३१ अङ्कमा कायम भएको छ।

आइतवार दुई सय ५३ कम्पनीको ३५ लाख १२ हजार आठ सय ३४ कित्ता सेयर २४ हजार छ सय ४४ पटक खरिद बिक्री हुँदा रु एक अर्ब १० करोड ३४ लाख चार हजार बराबरको कारोबार भएको छ। आइतवारको कारोबारमा २५ कम्पनीको सेयर मूल्य बढेको छ भने एक सय ८० कम्पनीको मूल्य घटेको छ।

आइतवार सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा धेरै निर्जीवन बिमा समूहको उपसूचक ९८ दशमलव ४० अङ्कले र उत्पादन समूहको उपसूचक ८२ अङ्कले घटेको छ। नेप्सेका अनुसार बैंकिङ समूह ३० दशमलव ८०, विकास बैंक समूह ४७ दशमलव ९१, वित्त समूह २० दशमलव ९९ र होटल तथा पर्यटन समूह २७ दशमलव ६१ अङ्कले घटेको छ।

त्यस्तै जलविद्युत् समूह २६ दशमलव ६१, लगानी समूह शून्य दशमलव ६९, जीवन बीमा समूह ७८ दशमलव ४४, लघुवित्त समूह ५५ दशमलव ३४, म्युचुलअ फन्ड समूह शून्य दशमलव १३ र अन्य समूह २१ दशमलव ०८ अङ्कले घटेको छ।

आइतवारको कारोबारमा सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। त्यस्तै समता लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य नौ दशमलव ९९ र मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको मूल्य नौ दशमलव ५० अङ्कले बढेको छ।

त्यस्तै नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। आइतवार सबैभन्दा धेरै शिवम् सिमेन्टको रु १० करोड ९३ लाख ६७ हजार नौ सय २६ बराबरको दुई लाख तीन हजार छ सय २० कित्ता सेयर खरिद बिक्री भएको छ।रासस

# किसानलाई 'डेबिट' र 'क्रेडिट' कार्ड

तुलसीपुर। दाङ तुलसीपुरका किसानलाई डेबिट र क्रेडिट कार्ड वितरण गरिएको छ। पहिलो चरणमा तुलसीपुर उपमहानगरपालिका-१६ का किसानलाई डेबिट र क्रेडिट कार्ड वितरण गरिएको हो। वडाध्यक्ष शिवानन्द डाँगीका अनुसार ४० किसानलाई डेबिट कार्ड र १३ किसानलाई क्रेडिट कार्ड वितरण गरिएको हो।

सिसा परियोजना, सीमिट इन्टरनेशनल र आइडिइ नेपालको आर्थिक सहयोगमा मेगा बैंकले उक्त डेबिट र क्रेडिट कार्ड वितरण गरेको हो। डेबिट र क्रेडिट कार्डले किसानलाई डिजिटल बैंकिङ कारोबार गर्न सहज बनाउने भन्दै यो किसानलाई खुसीको कुरा भएको वडाध्यक्ष डाँगीको भनाइ थियो।

अर्थाभावले कृषि खेतीमै प्रभाव पार्ने अवस्था आउन सक्ने भन्दै त्यसलाई न्यूनीकरण गर्न यसले भूमिका खेल्ने अध्यक्ष डाँगीको भनाइ थियो।" क्रेडिट कार्डबाट किसानले मल, बीउलगायत अन्य कृषिसम्बन्धी सामग्री चाहियो भने लैजान सक्नुहुन्छ", उहाँले भन्नुभयो, "यसले किसानलाई फाइदा पुऱ्याउँछ।"

क्रेडिट कार्ड प्राप्त किसानलाई बिना धितो राज्यले रु दुई लाखसम्म ऋण दिन्छ। सहुलियत कर्जाका रूपमा पाउने त्यो ऋण किसानले कृषि उत्पादन बिक्रीपछि प्राप्त गरेको रकमले पनि तिर्न सक्छन्। उनीहरूले त्यो ऋण कृषि सामग्री खरिदभन्दा अन्य कामका लागि प्रयोग गर्न पाउँदैनन्। त्यस्तै डेबिट कार्डबाट किसानले अनुदान सहयोग, क्षतिपूर्ति हालिदिनका लागि प्रयोग हुनेछ। क्रेडिट कार्ड प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ भने डेबिट कार्ड पाँच-पाँच वर्षमा नवीकरण गर्नुपर्छ।

पहिलो चरणमा वडा नं १६ बाट वितरण गरिएको भए पनि सबै पालिकाका सबै किसानलाई उक्त कार्ड प्रदान गरिने सिसा परियोजनाका कार्यक्रम अधिकृत जङ्गबहादुर गुरुङले बताउनुभयो। "सुरुआत वडा नं १६ बाट भयो, १३ मा पनि वितरण गर्ने तयारी गरेका छौँ", उहाँले भन्नुभयो, "अब हामीले उपमहानगरपालिकासँग समन्वय गरेर सबै वडामा पुऱ्याउने छौँ।" रासस


## जिल्ला प्रशासन कार्यालय, धनुषाको सूचना

उप्रान्त जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं. ५ बस्ने हँसराज अगरवालको नाति राजेन्द्र कुमार अग्रवालको छोरा झलक अग्रवालले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा झलक अग्रवालको पिता राजेन्द्र कुमार अग्रवाल हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालय पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

## जिल्ला प्रशासन कार्यालय, धनुषाको सूचना

उप्रान्त जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं. ५ बस्ने हँसराज अगरवालको नाति राजेन्द्र कुमार अग्रवालको छोरा केशव अग्रवालले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा केशव अग्रवालको पिता राजेन्द्र कुमार अग्रवाल हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालय पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय खजुरी, धनुषाको २१ दिने सूचना

यस बैंकको तपशील बमोजिमका कर्जा ग्राहकहरुले निम्न उदेश्यका लागि बिभिन्न मितिमा लिएको ऋण हाल सम्म नबुझाई, निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने ऋणको सांवा तथा ब्याज नबुझाएको हुंदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनको लागि यो सुचना प्रकाशित गरिएकृ छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा कृषि विकास बैंक ऐन २०२४ को दफा २०(क) र यस बैंको नियमानुसार ऋण लिंदा बैंकलाई लेखि दिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सांवा,ब्याज र हर्जाना ब्याज असुल उपर गरिने व्यहोरा पनि जानकारी गराउंदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट ऋण लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचना द्धारा जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय खजुरी, धनुषा मिति: २०७९।०८।१९ सम्मको बाँकी सांवा तथा ब्याज**

| क्र.स. | मिसिल नं. | ग्राहकको नाम थर | ठेगाना | उदेश्य | ग्राहकको बुवा वा पत्तिको नाम | ग्राहकको बाजे वा ससुराको नाम | जम्मा सांवा | भा.ना. सांवा | भा.ना. व्याज | जम्मा भा.ना. सांवा र व्याज |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४१४२ | श्रीवत्ति देवी केवट | कमला २ | सरल कृषि कर्जा | शम्भु मण्डल | नथुनी मण्डल | २००,०००।०० | ०।०० | २०,९०२।३२ | २०,९०२।३२ |
| २ | ४२०० | जगतारन देवी साह | जनकनन्दिनी ३ | सरल कृषि कर्जा | राम अवतार साह | पुलकित साह | ४००,०००।०० | ०।०० | ४३,१७१।०२ | ४३,१७१।०२ |
| ३ | ४३२३ | राज किशोर साह | जनकनन्दिनी ४ | सरल कृषि कर्जा | राजेन्द्र साह सोनार | भानु साह सोनार | ५००,०००।०० | ५००,०००।०० | २७,३१७।५० | ५२७,३१७।५० |
| ४ | ४२०२ | तिलक मण्डल | विदेह ६ | सरल कृषि कर्जा | सुवाई मण्डल | अईठु मण्डल | १,०००,०००।०० | ०।०० | ९१,५६४।९७ | ९१,५६४।९७ |
| ५ | ४०७६ | विजय कुमार साह | कमला १ | व्यापार | राम अवतार साह | हजारी साह | ६००,०००।०० | ०।०० | ४९,२२३।७० | ४९,२२३।७० |
| ६ | ३५६० | निर्माला कुमारी भरखेर | कमला ३ | सरल कृषि कर्जा | सुर्य मरवैता | सोनाई मरवैता | ८०,०००।०० | ०।०० | ७,१७६।३९ | ७,१७६।३९ |
| ७ | २७१२ | सुव नारायण यादव | कमला ३ | व्यापार | जदु यादव | कमल यादव | २००,०००।०० | २००,०००।०० | १९,३७०।४९ | २१९,३७०।४९ |
| ८ | ४३९५ | समुन्द्री देवी पासमान | सहिदनगर ८ | सरल कृषि कर्जा | फेकन पासमान | फगुनी पासमान | २१२,०००।०० | ०।०० | १५,३७०।३९ | १५,३७०।३९ |
| ९ | ३९५४ | हमिद साफी | विदेह १ | सरल कृषि कर्जा | पुलकित साफी | दुखी साफी | १,०००,०००।०० | ०।०० | ६४,०३८।०१ | ६४,०३८।०१ |
| १० | १३०० | सितल राय | विदेह ३ | व्यापार | लक्ष्मी राय | भन्ना राय | २००,०००।०० | ०।०० | १०,४८२।७५ | १०,४८२।७५ |
| ११ | ३६१२ | गनपैत मण्डल | कमला ३ | व्यापार | राम सागर मण्डल | महन्थ मण्डल | ५००,०००।०० | ०।०० | २७,७१७।६७ | २७,७१७।६७ |
| १२ | ४१०३ | रोहित यादव | कमला २ | सरल कृषि कर्जा | मुनेश्वर यादव | अवध यादव | १५०,०००।०० | ०।०० | ८,८२१।९२ | ८,८२१।९२ |
| १३ | ३०८९ | भुल्ली देवी यादव | सहिदनगर ७ | सरल कृषि कर्जा | सोनफी यादव | शिवनाथ यादव | २००,०००।०० | ०।०० | १०,८४७।५१ | १०,८४७।५१ |
| १४ | ३९१८ | राम चन्द्र मण्डल | सहिदनगर ७ | सरल कृषि कर्जा | मतवर मण्डल | राम सरण मण्डल | ३५०,०००।०० | ०।०० | १८,८८२।८८ | १८,८८२।८८ |
| १५ | ४०८३ | विरेन्द्र प्रसाद गोईत | जनकनन्दिनी १ | Overdraft: Personal | देवी गोईत | माहाविर गोईत | ३००,०००।०० | ३००,०००।०० | १९,८७१।८५ | ३१९,८७१।८५ |
| १६ | ४३८१ | ध्यानी कुमार मण्डल | कमला २ | सरल कृषि कर्जा | लोचन मण्डल | सुकदेव मण्डल | ५००,०००।०० | ०।०० | २७,७९४।६२ | २७,७९४।६२ |
| १७ | ४०८० | जोगेन्द्र तत्मा | जनकनन्दिनी ३ | सरल कृषि कर्जा | सोभित दास तत्मा | जगरुप दास | १००,०००।०० | ०।०० | ६,१४१।७४ | ६,१४१।७४ |
| १८ | ४३११ | विन्देश्वर सहनी | जनकनन्दिनी ६ | सरल कृषि कर्जा | राजेश्वर सहनी | खटर सहनी | १५०,०००।०० | ०।०० | ९,८४९।०९ | ९,८४९।०९ |
| १९ | ४२३१ | किन्ली जलधारा | कमला २ | व्यापार | प्रो. नागेन्द्र प्रसाद मण्डल | बुवाः विजय कुमार मण्डल | १,९००,०००।०० | ०।०० | ९६,९१२।२३ | ९६,९१२।२३ |
| २० | ३०७९ | मोती लाल यादव | कमला ३ | सरल कृषि कर्जा | असर्फी यादव | अवध जसोई यादव | १५०,०००।०० | ०।०० | ८,७३६।६८ | ८,७३६।६८ |
| २१ | ४३७२ | पारवत्ति देवी माली | सहिदनगर ७ | सरल कृषि कर्जा | हेम शंकर माली | मुनेश्वर माली | ६००,०००।०० | ०।०० | ३२,१६५।१९ | ३२,१६५।१९ |
| २२ | ३९७९ | जय नारायण यादव | विदेह ७ | व्यापार | श्री बुलाकी यादव | गेनाई यादव | २००,०००।०० | २००,०००।०० | २६,१२८।७२ | २२६,१२८।७२ |
| २३ | ४२३४ | नविन कुमार गोईत | कमला ५ | सरल कृषि कर्जा | मुक्ती यादव | उत्तिम लाल गोईत | २००,०००।०० | ०।०० | ११,१३०।७१ | ११,१३०।७१ |
| २४ | ४०३१ | चन्द्रकला देवी | जनकनन्दिनी ३ | सरल कृषि कर्जा | जितेन्द्र पासमान | दसैया पासमान | २००,०००।०० | ०।०० | ९,६८७।३१ | ९,६८७।३१ |
| २५ | ४३६४ | भोला मण्डल | विदेह ५ | सरल कृषि कर्जा | राजेन्द्र मण्डल | जिवछ मण्डल | ६००,०००।०० | ०।०० | ३५,३४७।३७ | ३५,३४७।३७ |
| २६ | ३७३४ | दिनेश कुमार यादव | सहिदनगर ७ | घरायसी कर्जा | राजेन्द्र यादव | हजारी यादव | २५०,०००।०० | ०।०० | १९,२७६।३१ | १९,२७६।३१ |
| २७ | ४२१६ | नागेन्द्र नारायण साह | विदेह ८ | सरल कृषि कर्जा | सीताराम साह तेली | सुन्दर साह | ३००,०००।०० | ३००,०००।०० | ४३,९४९।३३ | ३४३,९४९।३३ |
| | | | जम्मा | | | | ११,०४२,०००।०० | १,५००,०००।०० | ७६१,८७८।६७ | २,२६१,८७८।६७ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेस प्रदेश कार्यालय जनकपुर

# ‘अधिकार रक्षाको लागि हातेमालो गरौं’




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्री भरत प्रसाद साहले मानव अधिकार रक्षाको लागि हातेमालो गर्नुपर्ने बताएका छन् ।

आइतबार राष्ट्रिय मानव अधिकार आयोगको प्रदेश कार्यालयले जनकपुरधाममा आयोजना गरेको ७४ औं अन्तर र्‍ाष्ट्रिय मानव अधिकार दिवसको कार्यक्रममा उनले सो कुरा बताएका छन् ।

गैर सरकारी संस्थालाई हातेमालो गर्न आह्वान गर्दै मानव अधिकारको रक्षाका लागि सबै पक्षले आ-आफ्नो कर्तव्य पूरा गर्नुपर्ने उनले बताए ।

मानव अधिकारको सवालमा मधेश प्रदेश सरकार गम्भीर रहेको उनले बताए । मानव अधिकारको मान्यता तथा सिद्धान्तको पालना गर्न सबै पक्षसँग प्रदेश सरकार हातेमालो गरी अघि बढ्ने उनले आश्वासन दिए ।

सत्य निरुपण तथा मेलमिलाप आयोगले सरकारलाई बुझाएको प्रतिवेदन कतिको कार्यान्वयन भयो वा भएन त्यसको आत्मसमीक्षा गर्न जरुरी रहेको उनले जिकिर गरे ।

कार्यक्रममा प्रदेश सांसद रामअशिष यादव, शारदा थापा, नगर उपप्रमुख किशोरी साह लगायत एक दर्जन सामाजिक संस्थाहको सहभागिता थियो ।

### उधारोमा पालिका सञ्चालन

# कतै तालाबन्दी, कतै अदालतमा मुद्दा

**कमलेश ठाकुर**

जनकपुरधाम । धनुषाको नगराइन नगरपालिका एक सातादेखि बन्द रहेको छ । स्वास्थ्य केन्द्र, शैक्षिक संस्था र वडाका कर्मचारीहरुले तालाबन्दी गरेर पालिकाको अगाडि धर्नामा बसेका छन् । उनीहरुले ६ महिनाको तलव र चाडपर्व भत्ता पाएका छैनन् । सो दिनुपर्ने माग गर्दै धर्नामा छन् । शिक्षकहरु धर्नामा बसेपछि विद्यालय पनि ठप्प छन् । विद्यालय बन्द भएपछि आइतबार विद्यार्थीहरुले पनि सडक जाम गरेर पालिकाको नेतृत्वविरुद्ध प्रदर्शन गरेका छन् ।

पालिकामा नयाँ जनप्रतिनिधि आएको सातौं महिना पुग्दै छ । आर्थिक वर्ष सुरु भएको पनि ६ महिना पुग्दै छ । तर नगर परिषद् हुन सकेको छैन् । नगर परिषद् नहुँदा उधारोमै पालिका सञ्चालन भइरहेको नगर प्रमुख विनय कुमार यादवले जानकारी दिए ।

चालु आर्थिक वर्षमै १५/२० लाख भन्दा बढी उधारो रहेको बताउँदै उनले सवारी इन्धन, बैठकको खाजा र चिया खर्च उधारोमै रहेको जनाए ।

पालिकामा अल्पमत र बहुमतको विवाद छ । ५० जना कार्यपालिका सदस्य छन् । नगराइनमा नगर प्रमुख यादव नेपाली कांग्रेसको भए पनि बहुमत यहाँ नेकपा एमालेको छ ।

एमालेकी उपप्रमुख राधादेवी यादवसहित २८ जना कार्यपालिका सदस्य छन् भने २२ जना कांग्रेसका छन् । एमालेबाट निर्वाचित भएका जनप्रतिनिधिहरुले कानून संशोधनको माग गर्दै परिषद्मा रोक लगाएका छन् ।

नगर प्रमुख यादवले दश पटक नगरसभाको लागि बैठक र दुई पटक नगरसभाको आश्वासन गरे पनि एमालेबाट निर्वाचित भएका जनप्रतिनिधिहरु सहभागी नभएको आरोप लगाए ।

यहाँ मुख्यत नगर स्तरीय योजना सञ्चालन हुने विषयमा विगतको जनप्रतिनिधिहरुले कार्यविधि बनाएको थियो । सो कार्यविधिमा नगर स्तरीय

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइट पोर्टल मार्फत सम्बन्धित स्थानीय तहले प्रविष्टि गरेको विवरणको आधारमा करिब एक दर्जन पालिकाले अझै बजेट पेश गर्न सकेको छैन ।**

योजना नगर प्रमुखकै नेतृत्वमा सञ्चालन हुने व्यवस्था छ । तर अहिले एमालेबाट निर्वाचित भएका जनप्रतिनिधिहरुले उक्त कार्यविधि संशोधन गर्नुपर्ने शर्त राखेका छन् । उपप्रमुख राधादेवीले अधिकार र योजना बाँडफाँटमा विवाद रहेको बताइन् ।

### आदेश कुर्दै कमला

नगराइनजस्तै बहुमत र अल्पमतको समस्या धनुषाको पूर्वी कमला नगरपालिकामा पनि छ । एउटै पार्टीबाट नगर प्रमुख र उपप्रमुख निर्वाचित भए पनि पालिका सञ्चालनको विषयमा कुरा मिलिरहेको छैन् । यहाँ आयव्यय, अधिकार र योजना बाँडफाँटको विषयमा विवाद रहेको उपप्रमुख शीलादेवी मण्डलले बताइन् । कमलामा पनि नगरसभा स्वीकृत नहुँदा उधारोमै कारोबार भइहरको छ । अति आवश्यक खर्च उधारोमै चलिरहेको नगर प्रमुख विशेश्वर यादवले जानकारी दिए ।

उनका अनुसार असार १० गते पालिकाले नीति तथा कार्यक्रम प्रस्तुत गरेको थियो । भदौ २० गते नगरसभा पनि बहुमतले गरिसकेको छ । तर कामकाज अझै ठप्प छ । उपप्रमुखसहितको कार्यपालिका सदस्यले उच्च अदालतमा नीति तथा कार्यक्रम खारेजको माग गर्दै मुद्दा दिएका कारण अन्योल छ । सोही मुद्दाको आदेश कुरिरहेको नगर प्रमुख यादवले बताए ।

### क्षीरेश्वरमा ६ करोड पुरानै बक्यौता

क्षीरेश्वरनाथ नगरपालिकाले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिसकेको छ । तर स्वीकृत गराउन सकेको छैन । असार १० गते नै नगरप्रमुख सुकदेव यादवले बजेट प्रस्तुत गरे पनि स्वीकृत अझै हुन सकेका छैन । यहाँ पनि अल्पमत र बहुकतको विवाद देखिएको छ । पालिकाले आगामी पुस ६ गते पुनः नगरसभाको अर्को बैठक आयोजना गरेको छ । यहाँ पनि नगराइन र कमला जस्तै समस्या देखिएको छ । यहाँ पनि पालिका उधारोमै सञ्चालन भइरहेको छ । पालिकाको कर्मचारीका अनुसार ६ करोड बक्यौता गत आर्थिक वर्षकै बाँकी रहेको छ । कर्मचारीहरुले पनि पाँच महिनाको तलव र चाडपर्व भत्ता पाएका छैनन् । यहाँको कर्मचारी पनि गत महिनामा तलव माग गर्दै कालो पट्टी बाँधेर प्रदर्शन गरेका थिए ।

धनुषाको कमला, नगराइन र क्षीरेश्वरनाथ जनप्रतिनिधिको विवादले उधारमो सञ्चालन भइरहेको प्रतिनिधिमूलक मात्र हुन् । मधेश प्रदेशमा करिब ६ प्रतिशत पालिका उधारोमै सञ्चालन भइरहेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइट पोर्टल मार्फत सम्बन्धित स्थानीय तहले प्रविष्टि गरेको विवरणको आधारमा करिब एक दर्जन पालिकाले अझै बजेट पेश गर्न सकेको छैन ।

मधेशको एक सय ३६ मध्ये ९४ दशमलव ९ प्रतिशत पालिकाले बजेट पेश गरिसकेको छ भने पाँच दशमलव एक प्रतिशत पालिकाले बजेट पेश गरेका छैनन् ।

# क्षति न्यूनीकरणका लागि सचेतनासंगै सहयोग

**टुडे समाचारदाता**

राजविराज । आवश्यक सावधानी नअपनाउँदा जिल्लाको ग्रामीण क्षेत्रमा आगलागीको घट्ना बढ्दै गएपछि यहाँको एक गैर सरकारी संस्थाले सचेतना संगै राहत वितरण कार्यक्रमलाई तीव्र बनाएको छ । सामाजिक क्षेत्रमा क्रियाशील धर्मीहल्फा महिला विकास क्लव सप्तरीले सो कार्यलाई तीव्रता दिएका छन् ।

यसैक्रममा आइतवार सो क्लबले आगलागीबाट घरवारविहीन भएकी सप्तरीको डाक्नेश्वरी नगरपालिका-६ की एकल महिला ६० वर्षीया खोतोजा खातुनलाई प्रारम्भिक राहत स्वरुप त्रिपाल, तन्ना, भाँडाकुडा, लत्ताकपडा लगायतका सामग्री प्रदान गरेको छ ।



पीडितको घर आँगनमै पुगी क्लबका अध्यक्ष इन्जिनियर सूर्यनारायण यादवले उक्त राहत सामग्री प्रदान गरेका छन् । ३ दिन अघि भएको आगलागीबाट उनी बस्ने घरकासाथै खाद्यान्न, लताकपडा, भाँडाकुडा लगायतका सामग्री जलेर नष्ट हुँदा विचल्लीमा परेकी थिइन ।

२ महिना यता अध्यक्ष यादवले जिल्लाको बोदे बर्साइन नगरपालिका, खडक नगरपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका र डाक्नेश्वर नगरपालिका लगायतका आधा दर्जन स्थानमा भएको आगलागीका घट्नाबाट पीडित भएकाहरुको घरमै पुगी राहत बाँडेका छन् । उनले राहत बाँड्ने काम मात्रै गरेका छैनन् । आगलागीका घटना हुन नदिन अपनाउनु पर्ने सावधानी तथा आगलागी भइहाले क्षति न्यूनीकरणका लागि अपनाउनु पर्ने उपायबारेसमेत सचेतना दिने गरेका छन् ।

राहत वितरण स्थलमा उपस्थित भएका पीडित तथा आसपासका वासिन्दालाई अध्यक्ष यादवले आगलागी पूर्व र आगलागी पछिको सांकेतिक अभ्यास मार्फत पूर्वतयारीका लागि के के गर्नु पर्ने रहेछ भन्ने ज्ञानसमेत दिने गरेका छन् ।

सप्तरीमा गत आर्थिक वर्ष २०७८/०७९ मा आगलागीका १ सय ७७ घट्ना भएका थिए । जसबाट करिब ३ करोड ५५ लाख ७४ हजार ९ सय रुपैया बराबरको क्षति भएको थियो।

यस्तै चालु आ.व.२०७९/८० को हाल सम्मको अवधिमा आगलागीका १८ वटा घट्ना भइ १ करोड भन्दा बढीको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

# स्थानीयद्वारा प्रदर्शन

**टुडे समाचारदाता**

मलंगवा । हुलाकी सडकको धुलोले आजित भएपछि सर्लाहीको ब्रह्मपुरीका स्थानीयले तत्काल कालोपत्रे गर्न माग गर्दै आइतबार सडक अवरुद्ध गरेका छन् ।



ब्रह्मपुरी चोकमा टायर बालेर स्थानीय बासिन्दाले यातायात ठप्प पारेका छन् ।

केही दिनअघि मुसैली र कौडेनाका स्थानीयले सडक अवरुद्ध गरेपछि ठेकेदारले कालोपत्रेको काम अगाडि बढाएका थिए । ब्रह्मपुरीका स्थानीय आफूहरूको ठाउँमा पनि तत्कालै कालोपत्रेको काम अघि बढाउन माग गर्दै आन्दोलनमा उत्रेका छन् ।

ठेकेदारले गत मंसिर ४ को निर्वाचन सम्पन्न पश्चात काम अघि बढाउने आश्वासन दिए पनि अहिले बेवास्ता गरेपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको ब्रह्मपुरी गाउँपालिका -३, का स्थानीय जगन्नाथ कापरले बताए । सडक कालोपत्रेको काम अघि नबढेसम्म आफूहरूको आन्दोलन जारी रहने बताएका छन् ।

ठेकेदारले बारम्बार ढाँटेर कामै नगरेको भन्दै स्थानीय रुष्ट बनेका छन् । छिमेकी जिल्ला रौतहट र महोत्तरीमा पूर्व-पश्चिम हुलाकी सडक निर्माण भए पनि सर्लाहीमा अलपत्र छ ।

४१ किलोमिटर लामो हुलाकी सडकमा धुलो उड्दा स्थानीयलाई यात्रा गर्न समस्या भइरहेको छ । छेउछाउका घर धुलोले ढाकेको उनीहरूको गुनासो छ । धुलो सहन नसक्ने भएपछि मुसैली र कौडेनाका स्थानीयले केही दिनअघि टायर बालेर प्रदर्शन गर्दै सडक अवरुद्ध गरेका थिए । ती दुई ठाउँमा कालोपत्रेको प्रारम्भिक काम जारी छ । सर्लाहीको हुलाकी सडक कालोपत्रेका लागि २०७३ मा तीन प्याकेजमा ठेक्का लागेको थियो । ६४ करोड रुपियाँमा ठेक्का पाएका ठेकेदारले समय सीमा समाप्त भइसक्दा पनि सडकको अधिकांश भाग जीर्ण अवस्थामा छ ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले ठेकेदारको कमी कमजोरीका कारण हुलाकी सडकमा समस्या रहेको छ ।

केही स्थानमा सडक कालोपत्रे गर्न नदिन अदालतको स्टे अर्डर आएपछि ठेकेदारले पनि बहाना बनाएर बसेको प्रमुख जिल्ला अधिकारी गौतमले बताए ।

# अग्रवाल मृत भेटिए

**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्जको सुनिल कुमार अग्रवालको शव भारतको घोडासहनमा भेटिएको छ । सुनिल अग्रवालको शवपरीक्षणका लागि मोतीहारी पठाइएको भारतीय प्रहरीले जनाएको छ ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ६ माइस्थानका ५० वर्षीय सुनिल कुमार अग्रवाल आइतवार बिहानदेखि गायब थिए । सम्पर्कविहीन भएपछि घरपरिवारका सबै सदस्यहरु चिन्तामा थिए ।केही समयदेखि डिप्रेशेनको औषधि खाँदै आएका अग्रवालको मृत्यु वा हत्या भएको बारेमा अनुसन्धान भइरहको पर्सा प्रहरीले जनाएको छ ।

उनी विहान मर्निङग वाकमा निस्किएको र दिउँसो १ बजे सम्म पनि परिवारको सम्पर्कमा नआएको कारण परिवारजन चिन्तित भएपछि प्रहरीले खोजबीन बढाएको थियो ।

उनको खोजी कार्यमा सहयोग गरी दिन परिवारका सदस्य देवकी प्रसाद अग्रवालले अपिल गरेका थिए ।बिहान पौन ६ बजे देखि निस्किने गरेका अग्रवाल हरेक दिन ८ बजे सम्म घर आउने गर्दथे तर सो दिन ९ बजे सम्म पनि घर नआएपछि उनको खोजि कार्य सुरु गरिएको थियो ।

# चार पालिकाका किसानलाई अनुदानको बीउ वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा तथा महोत्तरीको चार गाउँपालिकामा विश्व बैङ्कको आर्थिक सहयोगमा नेपाल सरकारले सञ्चालन गरेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाई धनुषाले उन्नत जातको ६० टन गहुँको बीउ किसानलाई वितरण गरेको छ ।

मानव सूचकाङ्कको दृष्टिकोणले पछाडि परेका धनुषाको धनौजी तथा मुखियापट्टी र महोत्तरीको पिपरा तथा एकडारा बेला गाउँपालिकामा सञ्चालन रहेको आयोजनाले ८५ प्रतिशत अनुदानमा गहुँको बीउ प्रदान गरेपछि स्थानीय किसानहरू गहुँ खेती गर्नका लागि उत्साहित छन् ।

अनुदानमा दिएको गहुँको बीउबाट ती पालिकाको थप ६ सय हेक्टर क्षेत्रफलमा गहुँको खेती गर्न पाउने आयोजनाका क्लष्टर इकाई प्रमुख सुकेश्वर झाले बताए ।

नेपालमा नै उत्पादन भएको गौतम तथा बालगंगा जातको गहुँको बीउ उपलब्ध गराउने काम भएको उनले जानकारी दिए ।

ती पालिकाहरूमा रहेको पोषणको समस्याको समाधान गर्नका लागि हरियो साग सब्जी, फलफूल, खाद्यान्न बाली, बाख्रा पालन, भैंसी पालन सहितका अन्य उत्पादनमूलक क्षेत्रमा सहयोग गर्नुका साथै उत्पादित वस्तुको बजारीकरणमा सहयोग पनि आयोजनाले गर्दै आएको जनाएको छ ।

बीउ विजन कम्पनीसँग पर्याप्त मात्रामा गहुँको बीउ नभएको बेलामा आयोजनाले किसानलाई अनुदानमा गहुँको बीउ प्रदान गरेपछि किसानलाई ठूलो राहत मिलेको धनुषाका मुखियापट्टी गाउँपालिकाका अगुवा किसान सुरेश यादवले बताए । अनुदानको गहुँको बीउले गहुँको क्षेत्र विस्तार हुने विश्वास गरिएको छ ।

यसका साथै ती पालिकामा बीउ वृद्धि कार्यक्रम अन्तर्गत ६ क्विन्टल उन्नत जातको बीउ प्रदान गरिएको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाईले जनाएको छ ।

# भानुभक्तलाई गौशाला नगरस्तरिय हाजिरीजवाफको उपाधि



**टुडे समाचारदाता**

गौशाला । महोतरीको कान्तिबजारमा ‘सुशासनकालागि मेरो जवाफ’ नारा सहित आयोजित नगरपालिका स्तरीय हाजिरीजवाफ प्रतियोगिताको उपाधि भानुभक्त एकेडेमी रामनगरले जितेको छ ।

राष्ट्रिय माध्यमिक विद्यालय कान्तिबजारमा सामुदायिक विकास युवा क्लब, कान्तिबजार परडियाको अयोजनामा भएको हाजिरी जवाफ प्रतियोगिताको उपाधि भानुभक्त एकेडेमीले जितेको हो ।

प्रतियोगितामा मदर टेरेशा किडीकन्भेन्ट स्कुल द्धितीय र जनता माध्यमकि विद्यालय भरतपुर खोर तृतीय भएका छन् । प्रथम, द्धितीय र तृतीय हुने विद्यालयलाई कप, प्रमाण पत्र र विद्यार्थीहरुलाई मेडल, प्रमाण पत्र तथा पुरस्कार प्रदान गरिएको छ ।

गौशाला नगरपालिकाकी उप प्रमुख रेणु कुमारी महतोले विजयी विद्यार्थीहरुलाई पुरस्कार वितरण गरेका थिए । विद्यार्थीहरुको क्षमता अभिवृद्धिका लागि अतिरिक्त क्रियाकलापले टेवा पुग्ने भन्दै हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्ने सामुदायिक विकास युवा क्लबलाई उप मेयर महतोले धन्यवाद दिइन ।

क्लबका अध्यक्ष सन्तोष कुमार सिंहको अध्यक्षतामा भएको हाजिरीजवाफ प्रतियोगितामा मावि रजखोर, त्रिभुवन माध्यमिक विद्यालय, मदर टेरेशा किडीकन्भेन्ट, राष्ट्रिय माध्यमिक विद्यालय कान्तिबजार, जनता माध्यमिक विद्याल्य भरपुर खोर, माध्यमिक विद्यलाय बहादुरगंज, मावि भेडियाहि फुलक्हा, भानुभक्त एकेडेमी रामनगर, वीरेन्द्र मावि बेलगाछी, सरस्वती मावि भन्टाबारी, मावि नवराजपुर सहभागी थिए ।

**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं ।**

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं ।
- सञ्चारमाध्यमले जारी गरेको विजक र एजेन्सी कमिसन खुल्ने विजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं ।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यदिशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं ।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८